सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ माघ २०८०, आइतबार (11 Feb 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २९३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पाकिस्तानको निर्वाचनमा इमरान शतकनजिक



केन्द्रीय संसद्को २६५ सिटका लागि भएको निर्वाचनमा शनिबार रातिसम्म २५४ को नतिजा आउँदा इमरान खान समर्थक ९३ उम्मेदवार विजयी



पाकिस्तान तहरिक-ए-इन्साफ (पिटिआई) समर्थक ९३



पाकिस्तान मुस्लिम लिग नवाज (पिएमएल-एन) ७३



पाकिस्तान पिपुल्स पार्टी (पिपिपि) ५४

अन्य साना दल र स्वतन्त्रहरू ३७ सिटमा विजयी

(विस्तृत पृष्ठ ५)

अख्तियारको अनुसन्धान निष्पक्षतामाथि विशेष अदालतको प्रश्न



सरकारी जग्गा हिनामिनासम्बन्धी दुई मुद्दामा पुनः अनुसन्धान गरी मुद्दा चलाउन अख्तियारलाई निर्देशनात्मक आदेश

(विस्तृत पृष्ठ ३)

'सामूहिक भ्रष्टाचार'को चित्र



अग्रलेख ● बिआर भट्ट

भ्रष्टाचार सामाजिक मानक बनेर भ्रष्टाचारलाई नै योग्यताका रूपमा स्वीकार गर्ने सामाजिक मूल्यको विकास हुँदै गएको देखिन्छ

(पृष्ठ ४)

प्रसारणलाइनको नयाँ डिजाइनमै अल्झियो एमसिए नेपाल

तोकिएकै समयमा निर्माण सम्पन्न हुन्छ : एमसिए नेपाल

(पृष्ठ ६)

NIMB नेपाल उन्मोष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

सूचना प्रविधि र दूरसञ्चार क्षेत्रका अधिकांश सरकारी ठेक्का विवादित

खरिदसम्बन्धी केही ठूला ठेक्कामा भ्रष्टाचार मुद्दा दायर, केही अनुसन्धानको दायरामा

सुवास भट्ट/नयाँ पत्रिका

बदलिँदो युगअनुसार सञ्चार क्षेत्रको प्रयोग व्यापक र सहज बनाउने सरकारको नीति छ। तर, सञ्चार क्षेत्रमा सरकारको लगानी रहेका अधिकांश ठेक्का विवादित बनेका छन्। खरिदसम्बन्धी केही ठूला ठेक्कामा भ्रष्टाचार मुद्दा दायरसमेत भएका छन्। ती मुद्दा अदालतमा विचाराधीन छन्।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत सञ्चालित राष्ट्रिय सूचना प्रविधि केन्द्र पछिल्लो समय ठूला ठेक्का र खरिद विवादमा मुछिँदै आएको छ। प्रायः एकै कम्पनी वा व्यक्तिलाई ठेक्का दिएको, अस्वाभाविक मूल्य कायम गरिएको, खरिद गरिएका वस्तु प्रयोगमा नल्याएकोजस्ता बेथिति केन्द्रमा देखिएका छन्।

विवादैविवाद झेले पनि राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक प्रदीप शर्मा पौडेल कानुन र प्रक्रियाबमोजिम ठेक्का र खरिद भइरहेका दाबी गर्छन्। 'ठेक्काको आफ्नै प्रक्रिया हुन्छ। खरिद इकाइ, मूल्यांकन समिति, विज्ञको संलग्नतासहित कानुनबमोजिम नै ठेक्का प्रक्रिया अघि बढ्छ। कहिलेकाहीं प्राविधिक त्रुटि हुन सक्छन्। तर, कानुन र प्रक्रियाबमोजिम ठेक्का र खरिद भइरहेका हुन्छन्,' उनले भने।

सूचनाको डाटा बैंकका रूपमा काम गर्दै आएको सूचना प्रविधि केन्द्रमा बेथिति बढेपछि सरकारले त्यसलाई सूचना प्रविधि विभागमा मर्ज गर्ने निर्णय गरेको छ। गत ९ माघमा बसेको मन्त्रिपरिषद् बैठकले संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गरेर केन्द्रलाई विभागमातहत ल्याएको हो।

ठूलो आकारको बजेट हुने केन्द्रमा राजनीतिक नियुक्ति र कर्मचारीको अस्थायी दरबन्दी संरचना हुँदा बेथिति झाँगिएको निष्कर्षपछि सरकारले नयाँ ढाँचाबाट अघि बढाउने बाटो तय गरेको हो। विभागअन्तर्गत राष्ट्रिय

» पृष्ठ २ मा क्रमशः

■ सूचना प्रविधि क्षेत्रका कुन ठेक्कामा के विवाद ?



१ २३ करोड २७ लाख घोटालासम्बन्धी पेमेन्ट गेटवेको मुद्दा अदालतमा, कर्मचारी र पदाधिकारी मुद्दा झेल्दै

२ इन्टरप्राइज स्टोरेज डिभाइस जडानको ठेक्कामा मिलेमतोमै बोलपत्र दाखिला भएको महालेखापरीक्षकको प्रतिवेदन

३ इन्टरप्राइज इमेल सेवामा आठ करोड ८४ लाख सरकारलाई व्ययभार, महालेखाले उजागर गर्‍यो बेथिति

४ ५० करोड २२ लाखमा खरिद गरेको सात प्रकारका २६ थान सर्भरको उपयोग नभएकोमा महालेखाको प्रश्न

५ ५१ करोड ८६ लाख खर्चेको भण्डारण उपकरण प्रयोगविहीन, लगानीको सदुपयोग नभएको निष्कर्ष

■ दूरसञ्चार प्राधिकरणमा पनि उस्तै



१ दुई अर्ब ८५ करोडको टेरामक्समा भ्रष्टाचारमा छानबिन गर्दै अख्तियार

२ ७८ करोडको एमडिएमएसमा अनियमितता भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ठहर

३ तीन अर्ब ४७ करोडको आइटी ल्याब ठेक्काको बोलपत्रको 'स्पेसिफिकेसन' मिलेमतोमा तयार

४ इन्टरनेट सेवाप्रदायकहरूले गरेको करिब साढे दुई अर्ब रुपैयाँ करछलीको विषय अख्तियारको छानबिनमा

(विवादित ठेक्काका अनियमितताबारे विस्तृत पृष्ठ २ मा)

मुद्दा झेल्दै केन्द्रका दुई पूर्वकार्यकारी प्रमुख

खरिद प्रक्रियामा अनियमितता गरेको आरोपमा केन्द्रका दुई कार्यकारी निर्देशक नै अहिले मुद्दा झेलिरहेका छन्। पेमेन्ट गेटवेमा भ्रष्टाचार गरेको आरोपमा अख्तियारले गत असोजमा उद्योगसचिव मधुकुमार मरासिनी (अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन प्रमुख), पूर्वसचिव सञ्जय शर्मासहित नौजनाविरुद्ध मुद्दा दायर गरेको थियो।

यही मुद्दामा अख्तियारले राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक प्रणिता उपाध्याय र



प्रणिता उपाध्याय



सुनील पौडेल

उनीपछिका कार्यकारी निर्देशक सुनील पौडेलविरुद्ध मुद्दा दायर गरेको थियो। केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठ, तत्कालीन सहायक निर्देशक रमेशप्रसाद पोखरेल, तत्कालीन लेखा अधिकृत निमबहादुर वली, तत्कालीन लेखा अधिकृत रामबहादुर बुढा, केन्द्रका कम्प्युटर इन्जिनियर रामशरण गायकसमेतलाई अख्तियारले प्रतिवादी कायम गरेको थियो।

हालै अख्तियारले यसअघि नेपाल टेलिकमका प्रबन्ध-निर्देशकसमेत रहेका केन्द्रका पूर्वकार्यकारी निर्देशक सुनील पौडेल र केन्द्रमै लामो समय कार्यरत रहेर उपकार्यकारी निर्देशकसमेत रहेका विकल पौडेलविरुद्ध गैरकानुनी सम्पत्ति आर्जनको आरोपमा अनुसन्धान गरिरहेको छ। सेक्युरिटी प्रिन्टिङ प्रेसका लागि आवश्यक उपकरण र पूर्वाधार निर्माण गर्दा ६९ करोड भ्रष्टाचार भएको आरोपमा विकलले अर्को मुद्दा खेपिरहेका छन्। करारमा छिरेर लामो समय केन्द्रमा राईंदाइँ गरेका विकलको योजनामा सुनीलसहित संलग्न भएर अनियमितता गरेको ठिए।

संसदीय समितिले अब ६ महिनाभित्र विधेयक टुंग्याउनैपर्ने

राष्ट्रिय सभाको संशोधित नियमावलीमा समितिहरूले विधेयकमाथिको छलफल ६ महिनाभित्र सक्नुपर्ने व्यवस्था, प्रतिनिधिसभा पनि दबाबमा

कमलराज भट्ट/नयाँ पत्रिका

संसदीय समितिले ६ महिनाभित्र विधेयकको छलफल टुंग्याउनुपर्ने गरी कानुन संशोधन हुँदै छ। सरकारले संविधानअनुकूलका नयाँ कानुन बनाउन ल्याएका विधेयक वर्षौंसम्म संसदीय समितिमा गएर थन्किने गरेपछि कानुन संशोधनमार्फत ६ महिने समयसीमा तोकिएको हो।

संघीय संसद्को माथिल्लो सदन राष्ट्रिय सभाले आफ्नो नियमावली संशोधन गर्दै समितिले विधेयकमाथि दफावार छलफल गरी ६ महिनाभित्र सक्नुपर्ने व्यवस्था गरेको हो। राष्ट्रिय सभा नियमावली संशोधन मस्यौदा समितिका सभापति सुरेशकुमार आलेमगरले अब समितिमा आइसकेका विधेयक ६ महिनाभित्र टुंग्याउनैपर्ने बताए।



उनका अनुसार संशोधित नियमावलीको नियम १०९ (५) मा 'सभामा उत्पत्ति भएको विधेयक नियम १०४ बमोजिम दफावार छलफलका लागि समितिमा प्राप्त भएमा दफावार छलफल समाप्त गरी सोको प्रतिवेदन बढीमा ६ महिनाभित्र सभामा पेस गर्नुपर्ने' प्रावधान राखिएको छ।

सभापति आलेमगरले समितिको प्रतिवेदन २२ माघमा राष्ट्रिय सभामा पेस गरिएको जानकारी दिँदै नियमावली संशोधन मस्यौदा आइतबार पारित हुने बताए। 'सबै दलको सहमतिमा संशोधन मस्यौदा प्रतिवेदन तयार भएकाले सभामा दफावार छलफल गरेर सर्वसम्मत पारित हुन्छ,' उनले भने। आइतबार १ बजे बस्ने बैठकको कार्यसूचीमा 'राष्ट्रिय सभा नियमावली मस्यौदामाथि दफावार छलफल र पारित' गर्ने विषय राखिएको छ।

विधेयकको छलफलका लागि संसदीय समितिमा समय तोक्दा कानुनहरू समयमै बन्नमा महत पुग्ने सभापति आलेमगरले बताए। 'यो राष्ट्रिय सभाका

» पृष्ठ २ मा क्रमशः

नियम मिचेर औद्योगिक जग्गालाई आवासीय बनाई धमाधम प्लटिङ



स्थानीय, प्रदेश र संघ भूउपयोग परिषद्को निर्णयमा मात्र औद्योगिक जग्गा आवासीयमा रूपान्तरण गर्न सकिने व्यवस्था, तर, वडाध्यक्षको सिफारिसमा नियमविपरीत मालपोतका निमित्त प्रमुखले गरिदिए रूपान्तरण

राजविराजमा सौरभ यादव

सप्तरीको राजविराजमा कानुन मिचेर नौ बिघा औद्योगिक जग्गालाई आवासीय जग्गामा रूपान्तरण गरेर प्लटिङ गरिएको छ। १३ कित्तामा रहेको मिल्स एरिया र इँटाभट्टाको नौ बिघा एक कट्ठा पौने १६ धुर जग्गा राजविराज नगरपालिका- २ का वडाध्यक्ष अरुणकुमार यादवको सिफारिसमा मालपोतका निमित्त कार्यालय प्रमुख रामनारायण शर्माले प्रक्रियाविपरीत आवासीय क्षेत्र बनाएका हुन्।

राजविराज- २ का रमेशकुमार रुंगटा, आनन्दकुमार रुंगटा, राजेन्द्रकुमार रुंगटा, शरदकुमार रुंगटा र मनीषकुमार रुंगटाले सोही ठाउँ (साबिक वडा नम्बर ९)को जग्गाको विरह परिवर्तनका लागि सिफारिस गरिदिन वडामा निवेदन दिएकाका थिए। वडाले २९ कात्तिक ०७९ मा उक्त जग्गामा मिल्स एरिया र इँटा नभएको भनी मालपोतलाई सिफारिस पठाएको थियो। त्यसपछि रुंगटा परिवारले २१ मंसिर ०७९ मा लालपुर्जा विवरण र मोही महलमा उल्लेखित मिल्स एरिया र इँटाभट्टा व्यहोरा हटाइपाऊँ भनी मालपोतमा संयुक्त निवेदन दिएका थिए।

सामान्यतः जग्गा नापजाँच गर्ने वेला नापीले जे देख्यो त्यही राख्छ, जसलाई विरह भनिन्छ। हाल-साबिक कायम गर्न पनि नापीले फिल्ड हेर्नुपर्छ। तर, रुंगटा परिवारको नाममा रहेको औद्योगिक जग्गा भने मालपोतको निमित्त प्रमुखले

» पृष्ठ २ मा क्रमशः

औद्योगिक जग्गा यसरी बनाइयो आवासीय

रुंगटा परिवारले जग्गाको विरह परिवर्तनका लागि सिफारिस गरेपछि वडाध्यक्ष अरुणकुमार यादवले २९ कात्तिक ०७९ मा उक्त जग्गामा मिल्स एरिया र इँटा नभएको भनी मालपोतलाई सिफारिस पठाएका थिए। भूउपयोग नियमावली, २०७९ को परिच्छेद ३ को नियम ११ बमोजिम भूउपयोग परिवर्तन गर्न व्यक्तिले निवेदन दिएमा स्थानीय भूउपयोग परिषद्ले उपयुक्त ठहर गरेपछि निर्णय गरेर प्रदेश परिषद्मा पठाउनुपर्ने हुन्छ। वडाध्यक्ष यादवले सर्जमिनबाट देखिएअनुसार सिफारिस गरेको दाबी गरे।

त्यसपछि रुंगटा परिवारले २१ मंसिर ०७९ मा लालपुर्जा विवरण र मोही महलमा उल्लेखित मिल्स एरिया र इँटाभट्टा व्यहोरा हटाइपाऊँ भनी मालपोतमा संयुक्त निवेदन दिए। ३० चैत ०७९ मा मालपोत राजविराजका खरिदार रूपेशकुमार यादवको टिप्पणीमा मालपोत ऐन, २०३६ को नियम ५ (क) बमोजिम उक्त जग्गामा लेखिएको मिल्स, मिल्स एरिया तथा इँटाभट्टा कट्टा संशोधन, कट्टा गरी आवादी कायम गर्दा मुनासिव हुने लेखेर निर्णयार्थ पेस गर्दा तत्कालीन निमित्त कार्यालय प्रमुख रामनारायण शर्माले सदर गरी जग्गालाई आवासीय क्षेत्र बनाएका हुन्। शर्माले मालपोत ऐन, २०३६ नियम ५ (क) बमोजिम उल्लेख गरिएको टिप्पणी सदर गरी जग्गालाई आवासीय क्षेत्रमा परिवर्तन गरेका छन्। जब कि नेपालमा मालपोत ऐन, २०३६ नभई २०३४ छ। तर, शर्मा मालपोत ऐनअनुसार नै काम गरेको दाबी गर्छन्। 'मालपोत ऐनअनुसार नै काम गरेको हुँ, अहिले बिरामी भएर बेडरेस्टमा छु,' उनले भने। शर्मा अहिले पनि सप्तरी मालपोतमै नायब सुब्बा पदमा कार्यरत छन्।

वासविनाको नमुना बस्ती

कालिकोट रास्कोटका तीन वडाका ७३ घर पहिरोपीडितलाई कर्णाली सरकारले एकीकृत नमुना बस्ती बनाइदियो, तर लाभग्राहीले छाडेनन् जोखिमयुक्त थातथलो

कालिकोटमा रमेश सुनार


कालिकोटको रास्कोट नगरपालिका- ७ पोखरीकोट पुग्नेलाई नीलो जस्तापाताको एकनासका घरले लोभ्याउँछ। आकर्षक देखिने पोखरीकोट बस्ती कालिकोटको एकीकृत नमुना बस्ती हो। त्यहाँ पुगेर धेरैले तस्बिर खिच्ने र घुम्ने गर्छन्। बस्ती पुग्ने धेरैको एउटै प्रश्न हुन्छ, किन सुनसान ?

०७८ असोजको पहिरोले जमिन धाँजा परेर बस्न अयोग्य भएपछि कर्णाली प्रदेश सरकारले रास्कोट नगरपालिका- १, ३ र ७ का पहिरोपीडितका लागि एकीकृत नमुना बस्तीको अवधारणा ल्यायो। त्रिपालमा पुगेका ७३ परिवारलाई पुनर्स्थापना गर्न तीन वर्षअघि नै बस्ती बन्यो। नमुना बस्ती बनेपछि ७३ घरमध्ये १६ घरमा केही महिनासम्म स्थानीय बासिन्दा बसेका थिए। तर, पछि उनीहरू पुरानै जोखिमयुक्त पुछ्रेगाउँकै थातथलोमा बसिरहेका छन्। एकीकृत बस्तीका अधिकांश घरमा ताला लागेको छ। केही पशुचौपायाका गोठ बनेका छन्।

बस्तीमा बनेका घर बेचबिखन गर्न नपाउने सर्तमा बस्ती स्थानान्तरण भएको हो। घर बने पनि खानेपानी, बिजुली, स्वास्थ्य चौकी र विद्यालय नहुँदा आफूहरू नमुना बस्तीमा जान नसकेको प्रकाश महतराले बताए। नमुना बस्तीमा सडक, विद्युत्, खानेपानी, बालउद्यानलगायत पूर्वाधार बनेका छैनन्। नजिकै विद्यालय र स्वास्थ्य चौकीसमेत छैन। जसका कारण बस्तीमा मान्छे नबसेका हुन्।

'पाँच लाखमा घर बन्छ भने। पछि त आठ लाख लाग्यो,' महतराले गुनासो गरे, 'बस्तीका सबै ऋणमा डुबेका छन्, छाना मात्रै छाएको घरमा कसरी

» पृष्ठ २ मा क्रमशः



प्रदेश सरकारको सहयोगमा रास्कोट नगरपालिकामा बनाइएका एकीकृत नमुना बस्ती।

नियम मिचेर...

पृष्ठ १ बाट क्रमशः

नै विरह कायम गरिदिए। यो निर्णय ३० चैत ०७९ मा भएको देखिन्छ। जब कि यस प्रकृतिको विरह कायम गर्न स्थानीय, प्रदेश र संघ भूउपयोग परिषद् को निर्णय आवश्यक रहने व्यवस्था भूउपयोग नियमावली, २०७९ मा छ। जग्गा वर्गीकरण परिवर्तनका लागि स्थानीय भूउपयोग परिषद्मा निवेदन दिनुपर्ने हुन्छ। त्यसलाई परिषद्ले उपयुक्त ठहर गरेमा प्रदेश परिषद्मा पठाउनुपर्नेछ। त्यसरी पठाउँदा एकमुस्ट रूपमा असार मसान्त वा पुस मसान्तमा मात्र पठाउनुपर्ने व्यवस्था छ। उक्त प्रस्तावलाई प्रदेशको परिषद्ले उपयुक्त ठानेमा संघमा पठाउनुपर्नेछ। त्यसपछि संघको परिषद्ले निर्णय गरेमा मात्र जग्गाको वर्गीकरण परिवर्तन हुने व्यवस्था छ। केन्द्र सरकारको भूमि व्यवस्थापन तथा अभिलेख विभागका प्रवक्तासमेत रहेका निर्देशक वेदप्रसाद अर्याल यो प्रक्रियाबाट जग्गाको किसिम परिवर्तन गर्न नमिल्ने बताउँछन्। 'विरह परिवर्तन नहुने भन्ने होइन, तर सीधै गर्न मिल्दैन,' उनले भने, 'नापी विभागमा पत्राचार गरी आवश्यक सहमति लिन सक्नुपर्थ्यो।'

आवासीय क्षेत्र कायम गरेर प्लटिङ गरी बिक्री सुरु गरिएको छ। प्लटिङ गरिएको जग्गाको खरिदकर्तासँग ग्रान्ड नेपाल रियल इस्टेट प्रालि बुटवलमार्फत बइना लिनेदिने काम भइरहेको छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६६५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं. ७५०००/०६७/०६८ अन्तर्गत मिति २०६७/०४/२५ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३, पानीपोखरी स्थित **ग्लिट ट्रामल्स एण्ड टुर्स प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: सृजना कार्की** ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ बाबु : अर्जुन बहादुर रायमाझी ससुरा : डम्बर बहादुर कार्की पति : राजेश कार्की	**२) सृजना कार्की** ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ बाबु : अर्जुन बहादुर रायमाझी ससुरा : डम्बर बहादुर कार्की पति : राजेश कार्की
	धितोको विवरण	**जमानीकर्ताको विवरण**
	१) अर्जुन बहादुर रायमाझीकी छोरी, डम्बर बहादुर कार्कीकी बुहारी, राजेश कार्कीकी पत्नी, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ बस्ने सृजना कार्कीको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित किता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमशः २५४.३२ र ३२५.८५ (व.मि.)को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) ग्लिट ट्रामल्स एण्ड टुर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	**राजेश कार्की** ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ बाबु : डम्बर बहादुर कार्की बाजे : गणेश बहादुर कार्की
	ऋणीको विवरण	**धितोको विवरण**
२)	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा प्रा.फ.र.नं ३४६६/३५/०७३/०७४ अन्तर्गत मिति २०७३/०६/१७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं २ स्थित **साह ट्रेडर्स** **प्रोप्राईटर तथा जमानतकर्ता: जितेन्द्र साह सोनार** स्थायी ठेगाना:महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. २ बाबु : अनरजित साह सोनार बाजे : रघुनाथ साह सोनार	१) राम गुलाम साह सोनारको नाती, रघुनाथ साह सोनारको छोरा, महोत्तरी जिल्ला, किसाननगर गा.प. वडा नं. ४ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं २ बस्ने अनरजित साह सोनारको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. वहादुरगंज गा.वि.स. वडा नं. ३ ख (हाल बर्दिवास न.पा. वडा नं. १४) स्थित किता नं. १२०२ को क्षेत्रफल ०-१-१० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) साह ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) आशादेवी साह सोनार स्थायी ठेगाना: महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. ११ बाबु : फकिरा साह सोनार ससुरा : रघुनाथ साह सोनार पति : अनरजित साह सोनार	**२) अनरजित साह सोनार** स्थायी ठेगाना : महोत्तरी जिल्ला, किसाननगर गा.प. वडा नं. ४ हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं २ बाबु : रघुनाथ साह सोनार बाजे : राम गुलाम साह सोनार	**३) विकेश साह सोनार** स्थायी ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ७ हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. २ बाबु : अनरजित साह सोनार बाजे : रघुनाथ साह सोनार
	ऋणीको विवरण	
३)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंजमा प्रा.फ.र.नं.: २७७४५/०६७/६८, स्थानीय व्यापार अन्तर्गत मिति २०६७/०५/०९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ६, स्थित **खुश्बु बुक्स एण्ड रिचार्ज कर्नर** **प्रोप्राईटर तथा जमानीकर्ता: अमरुल्लाह अंसारी** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : मन्जुर मिया अंसारी बाजे : महमदीन मिया	**२) अमरुल्लाह अंसारी** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : मन्जुर मिया अंसारी बाजे : महमदीन मिया
	जमानीकर्ताहरुको विवरण	
	१) मंजुर मिया अन्सारी स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : महमदीन मिया बाजे : कितवली अन्सारी	**२) सैफुल्लाह अंसारी** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : मंजुर मिया अंसारी बाजे : महमदीन मिया	**३) कमरुल्लाह अंसारी** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : मंजुर मिया अंसारी बाजे : महमदीन मिया
	४) आसमा आरा स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : फते आलम अंसारी ससुरा : मंजुर मिया अंसारी पति : अमरुल्लाह अंसारी	**५) जमिला खातुन** स्थायी ठेगाना : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बाबु : अमिन मिया अंसारी ससुरा : महमदीन मिया पति : मंजुर मिया अंसारी
	धितोको विवरण	
	१) कितवली मियाको नाती, महमदीन मिया अन्सारीको छोरा, पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बस्ने मन्जुर मिया अन्सारीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.पु. गा.वि.स. वडा नं. ८ (हाल वीरगंज म.न.पा. वडा नं. २६) स्थित किता नं. ३६७ र ३७० को क्षेत्रफल क्रमशः ०-१-३ र ०-१९-१४ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) खुश्बु बुक्स एण्ड रिचार्ज कर्नरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सार्विकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

सूचना प्रविधि...

पृष्ठ १ बाट क्रमशः

सूचना प्रविधि केन्द्रमा सूचना प्रविधि सेवातर्फका ४४ कम्प्युटर इन्जिनियर, दुई उपसचिव र सहसचिव कार्यालय प्रमुख रहने गरी कुल ५९ दरबन्दी कायम गरिएको छ।

सूचना प्रविधि क्षेत्रका कुन ठेक्कामा के विवाद ?

१. २३ करोड २७ लाख घोटालासम्बन्धी पेमेन्ट गेटवेको मुद्दा अदालतमा

राष्ट्रिय सूचना प्रविधि केन्द्रका कर्मचारी र पदाधिकारी अहिले नेसनल पेमेन्ट गेटवेको मुद्दा झेलिरहेका छन्। गेटवे खरिदमा २३ करोड २७ लाख ५८ हजार घोटाला भएको निष्कर्षसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत १५ असोजमा मुद्दा दायर गरेको थियो। ६ वर्षअघि खरिद गरिएको नेसनल पेमेन्ट गेटवे अहिलेसम्म प्रयोगमा आउन नसकेको, आवश्यक पूर्वाधार नै तयार नगरी अस्वाभाविक लागत स्वीकृत गराई २५ करोडमा खरिद गरी सरकारको सम्पत्ति हानि-नोक्सानी तथा सरकारी रकमको दुरुपयोग गरेको भन्दै अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको हो। मुद्दा विचाराधीन छ।

२. इन्टरप्राइज स्टोरेज डिभाइस जडानको ठेक्कामा मिलेमतोमै बोलपत्र

केन्द्रले आर्थिक वर्ष ०७६/७७ मा अघि बढाएको इन्टरप्राइज स्टोरेज डिभाइसको खरिद ठेक्कामा मिलेमतो भएको भन्दै महालेखापरीक्षक कार्यालयले प्रश्न उठाएको थियो। आव ०७६/७७ को वार्षिक लेखापरीक्षण प्रतिवेदनमा महालेखाले बोलपत्रको माध्यमबाट इन्टरप्राइज स्टोरेज डिभाइस आपूर्ति तथा जडान, नेटवर्कको स्तरोन्नति, लाइसेन्स अफ इन्टरप्राइज इमेल सेक्युरिटी सफ्टवेयर आपूर्ति तथा जडान, डेस्कटप कम्प्युटर, ल्यापटपलगायतका खरिद कार्य गर्न गरिएको ठेक्का प्रक्रियामा लागत अनुमानभन्दा कममा सम्झौता गरेकोदेखि मिलेमतोमा बोलपत्र दाखिला भएको उल्लेख गरेको छ।

ठेक्काअन्तर्गत उक्त आवमा १५ प्याकेजको सम्झौतामध्ये ११ खरिद प्याकेजमा कुल लागत अनुमान एक अर्ब ६६ करोड ६९ लाख रहेकोमा २.७२ प्रतिशत घटी अर्थात् एक अर्ब ६२ करोड १६ लाखमा सम्झौता भएको थियो। यस्तै, सात प्याकेजको लागत अनुमानको तुलनामा ०.२१ देखि ०.९५ प्रतिशतसम्म घटीमा र चार प्याकेजको १.११ देखि २.९७ प्रतिशतसम्म घटीमा सम्झौता भएको प्रतिवेदनमा उल्लेख छ। 'कुलमध्ये ६ प्याकेजमा एक-एक र पाँच प्याकेजमा दुई-दुई मात्र बोलपत्र पेस भएको छ। यस्तो अवस्थामा आपसमा मिलेमतो गरी बोलपत्र दाखिला भए-नभएको यकिन हुनुपर्दछ,' महालेखाले भनेको छ।

३. इन्टरप्राइज इमेल सेवामा पनि आठ करोड ८४ लाख सरकारलाई व्ययभार

महालेखाले ६०औं वार्षिक प्रतिवेदनमा पनि केन्द्रका बेथिति उजागर गरेको छ। केन्द्रले खरिद गरेको इन्टरप्राइज इमेल सेवामा पनि अनियमितता भएको महालेखाले औंल्याएको छ। सरकारी कामका लागि सरकारी इमेल प्रयोग गर्नुपर्ने व्यवस्था कार्यान्वयनका लागि केन्द्रले खरिद गरेको इमेल लाइसेन्समा अनियमितता भएको प्रतिवेदनमा उल्लेख छ। आव ०७८/७९ सम्ममा केन्द्रले २० हजार लाइसेन्स खरिद गर्दा प्रतिलाइसेन्स नौ हजार नौ सय चार खर्चेको थियो। त्यसको नवीकरणमा केन्द्रले प्रतिलाइसेन्स दुई हजार ६ सय ३८ खर्च गरेको थियो। आव ०७८/७९ सम्ममा इमेल बनाउनेको संख्या १८ हजार चार सय रहेकोमा १२ हजार नौ सय ४६ सक्रिय र पाँच हजार चार सय ५४ निष्क्रिय देखिएका थिए। केन्द्रले खरिद गरेका सात हजार ५४ इमेल प्रयोग नहुँदा इमेल लाइसेन्स खरिद तथा नवीकरणबापत नेपाल सरकारलाई आठ करोड ८४ लाख ७१ हजार रुपैयाँ व्ययभार परेको भन्दै महालेखाले प्रश्न उठाएको छ।

४. २६ थान सर्भरको प्रभावकारी उपयोग भएन

केन्द्रले ५० करोड २२ लाख ३६ हजारमा खरिद गरेको सात प्रकारका २६ थान सर्भरको प्रभावकारी उपयोग नभएकामा पनि महालेखाले प्रश्न उठाएको छ। ती सर्भरको १८ हजार आठ सय ४८ जिबी च्याम र सात लाख ३१ हजार तीन जिबी स्टोरेज क्षमता रहेकोमा नौ सय १६ सरकारी निकायमा १२ हजार ६८ जिबी च्याम र चार लाख ६५ हजार ६ सय ४६ जिबी स्टोरेजको मात्र उपयोग भएको देखिएको भन्दै बाँकी ६ हजार सात सय ८० जिबी च्याम र दुई लाख ६५ हजार तीन सय ५७ जिबी स्टोरेज उपयोग हुन नसकेकामा महालेखाले प्रश्न उठाएको छ। उपकरणहरूको स्तरोन्नति वा विस्थापित गर्दा आवश्यकताको पहिचान गरी वार्षिक खरिद योजना तयार गरी खरिद कार्यलाई पारदर्शी बनाउन महालेखाले भनेको छ।

५. ५१ करोड ८६ लाख खर्चेको भण्डारण उपकरण प्रयोगविहीन

आव ०७६/७७ मा केन्द्रले ५१ करोड ८६ लाख ७० हजार रुपैयाँ खर्च गरी सञ्चालनमा ल्याएको भण्डारण उपकरण उपयोग नभएकामा पनि महालेखाले प्रश्न उठाएको छ। डाटा सेन्टरमा भण्डारण भएका डाटालाई पूर्ण रूपमा सुरक्षित र अद्यावधिक राख्न खरिद गरिएका २० थान डेल इएमसी युनिटी भण्डारण उपकरण खरिद उपयोगमा नआउँदा त्यसमा गरिएको लगानीको सदुपयोग नभएको महालेखाले औंल्याएको छ।

दूरसञ्चारमा पनि उस्तै

१. दुई अर्ब ८५ करोडको टेरामक्समा छानबिन गर्दै अख्तियार

सूचना प्रविधि मात्र होइन, दूरसञ्चार क्षेत्रमा पनि उस्तै बेथिति छ। दूरसञ्चार सेवामा हुने आपराधिक क्रियाकलापको निरीक्षण/न्यूनीकरण तथा कल बाइपास नियन्त्रण गर्न दूरसञ्चार प्राधिकरणले अघि बढाएको टेरामक्स (ट्राफिक मोनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम)मा भ्रष्टाचार भएको आरोपमा अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ। दुई अर्ब ८५ करोड १६ लाख ८६ हजार नौ सय (दुई करोड ३७ लाख ७० हजार अमेरिकी डलर)मा सम्झौता भएको थियो। प्राधिकरणले २४ माघ ०७८ मा भेनराइज सोलुसन प्रालि लेबनानसँग प्राधिकरणले सम्झौता गरेको थियो। यसमा भ्रष्टाचार भएको उजुरीमाथि अहिले अख्तियारले छानबिन अन्तिम चरणमा पुऱ्याएको छ। संसद्को सार्वजनिक लेखा समितिले पनि खरिदमा भ्रष्टाचार भएको ठहर गर्दै मुद्दा चलाउन अख्तियारलाई पठाइसकेको छ।

२. ७८ करोडको एमडिएमएसमा पनि अनियमितताको ठहर

प्राधिकरणकै अर्को ठेक्का एमडिएमएसमा पनि अनियमितता भएको ठहर सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गरिसकेको छ। मोबाइल उपकरण सुरक्षित गर्न, अवैध मोबाइल आयात नियन्त्रण गर्न र अपराध न्यूनीकरणका लागि भन्दै करिब ७८ करोड रुपैयाँ लागतमा प्राधिकरणले अघि बढाएको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) खरिदमा अनियमितता भएको निष्कर्ष सञ्चार मन्त्रालयका सहसचिव गौरव गिरी नेतृत्वको चार सदस्यीय छानबिन समितिले निकालेको छ। एमडिएमएस खरिद प्रक्रियाको प्रस्थान विन्दुबाटै अनियमितता सुरु भएको भेटिएको निष्कर्षसहितको छानबिन प्रतिवेदन मन्त्रालयले अख्तियारलाई पठाइसकेको छ। यो उजुरीमा पनि अख्तियारले छानबिन गरिरहेको छ। अनियमितता भेटिएपछि अहिले एमडिएमएस कार्यान्वयन नै रोकिएको छ।

३. तीन अर्ब ४७ करोडको आइटी ल्याब ठेक्काको मिलेमतोमा 'स्पेसिफिकेसन'

एक हजार सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला (आइटी ल्याब) स्थापना गर्नेसम्बन्धी प्राधिकरणकै ठेक्कामा पनि विवाद भएको थियो। ०७६ मा प्राधिकरणले कार्यक्रमअन्तर्गत साढे तीन अर्ब रुपैयाँ बजेटको ठेक्का लगाएको थियो। निश्चित कम्पनीलाई मिल्ने गरी ठेक्काको 'स्पेसिफिकेसन' तयार गरेको भन्दै विरोध भएको थियो। म्याक्स-ओम्नी इन्टरनेसनल-नेपा इन्टरनेसनलको संयुक्त उपक्रम (जेभी)ले प्राधिकरणबाट तीन अर्ब ४७ करोड ६९ लाखबराबरको आइटी ल्याबको ठेक्का पाएको थियो।

४. साढे दुई अर्ब रुपैयाँ करछलीको विषय अख्तियारमा

दूरसञ्चार प्राधिकरण जोडिएको अर्को मुद्दा पनि अहिले अख्तियारको छानबिनमा छ। इन्टरनेट सेवाप्रदायकहरूले गरेको करिब साढे दुई अर्ब रुपैयाँ करछलीको विषय अहिले अख्तियारले छानबिन गरिरहेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आन्तरिक छानबिनबाट ठूला नौ इन्टरनेट सेवाप्रदायकले ०६९/७० देखि ०७८/७९ सम्मको १० वर्षको अवधिमा दूरसञ्चार रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषबापत सरकारलाई बुझाउनुपर्ने जरिवानासहितको दुई अर्ब ४६ करोड ९० लाख ५९ हजार नौ सय ७८ रुपैयाँ नतिरेको भेटिएको थियो। दूरसञ्चार प्राधिकरण र सेवाप्रदायकबीचको मिलेमतोविना चुहावट सम्भव नभएको भन्दै समितिले प्राधिकरणका कर्मचारी, पदाधिकारी र नेतृत्वको कार्यशैलीमाथिसमेत प्रश्न उठाएको छ। करछलीमा संसद्को सार्वजनिक लेखा समितिका तत्कालीन सभापति र सचिवको समेत बदनियत देखिएको छ।

संसदीय...

पृष्ठ १ बाट क्रमशः

लागि हो। तर, प्रतिनिधिसभाका लागि मार्गदर्शन हुनेछ, किनकि त्यहाँको समितिमा यो समस्या बढी छ,' उनले भने। उनका अनुसार समितिले ६ महिनाभित्र विधेयक टुंग्याउनुपर्ने म्यान्डेटरी गरे पनि नगरेमा के हुने भन्ने नियमावलीमा उल्लेख छैन।

संसद् सचिवालयका सूचना अधिकारी दशरथ धमला भन्छन्, 'कानुन आवश्यक परेर ल्याएको हुन्छ, अनि वर्षौंसम्म बन्दै नबन्ने बेथिति जुन छ, त्यसलाई अन्त्य गर्छ। एउटा समयसीमा तोकेपछि गर्नैपऱ्यो। गरेन भने सभाध्यक्षले जस्तो अवस्थामा छ त्यस्तै पठाऊ भनेर निर्देश जारी गर्न सक्छ।' नियमावलीमै किटान गरेपछि समिति सभापतिलाई दबाब हुने र दलहरू तथा सभाध्यक्षले पनि ताकेता गरेर परिणाम आउने भएकाले नगरेमा के हुने भन्ने उल्लेख नगरिएको धमलाले बताए। उनका अनुसार ६ महिने समयसीमा तोकिएको नियमावलीमा समिति सभापतिले ३० दिनसम्म बैठक नबोलाएर अल्झाएमा ज्येष्ठ सदस्यले बैठक बोलाउनुपर्ने व्यवस्था पनि गरिएको छ।

सभाले पनि ६ महिनाभित्र निर्णय दिनुपर्ने

संशोधित नियमावलीमा व्यवस्था भएबमोजिम संसदीय समितिका साथै सदनले पनि प्रतिवेदनसहित पेस भएको विधेयक ६ महिनाभित्रै टुंग्याउनुपर्ने व्यवस्था गरिएको छ। राष्ट्रिय सभामा २० महिनादेखि थन्किएको अध्यागमन विधेयकलाई मध्यनजर गर्दै यो व्यवस्था नियमावलीमा राखिएको हो। ०७९ असार ५ मा समितिबाट प्रतिवेदन पेस भएको अध्यागमन विधेयक अझै सभाबाट अगाडि बढ्न सकेको छैन।

संसद् सचिवालयका अधिकारीका अनुसार मन्त्रीले समय नदिँदा २० महिनासम्म विधेयक सभाबाट प्रक्रियामा जान सकेको छैन। मन्त्रीले समय नदिए सभाको अर्को सदस्यलाई तोक्ने गरी संशोधन गरिएको छ।

संशोधित नियमावलीको नियम १२४ (क) मा 'सभामा उत्पत्ति भएको विधेयकमाथि समितिमा दफावार छलफल भई सभामा प्रतिवेदन पेस भएको मितिले वा प्रतिनिधिसभाबाट संशोधनसहित फिर्ता भएको विधेयकको सन्देश टेबल भएको मितिले ६ महिनासम्म पनि विधेयकको बाँकी कारबाही अगाडि बढाउन प्रस्तुतकर्ता सदस्य (मन्त्री)ले नचाहेमा वा विधेयक फिर्ता पनि नलिएमा कार्यव्यवस्था परामर्श समितिको परामर्शमा अध्यक्षले त्यस्तो विधेयकको बाँकी कारबाही अगाडि बढाउन सभाको कुनै सदस्यलाई विधेयकको प्रस्तुतकर्ता सदस्यको रूपमा कार्य गर्न तोक्न सभामा प्रस्ताव प्रस्तुत गर्न सक्नेछ' भनिएको छ।

सभाले प्रस्ताव स्वीकृत गरेपछि तोकिएको सदस्यले विधेयकको बाँकी कारबाही अगाडि बढाउने व्यवस्था गरिएको छ। यो व्यवस्था गैरसरकारी विधेयकको प्रस्तुतकर्ताको हकमा पनि लागू हुनेछ। गैरसरकारी विधेयकतर्फ प्रस्तुतकर्ता सभाको सदस्य नरहेमा वा मन्त्री भएमा अर्को सदस्य तोकिने भनिएको छ।

गैरसरकारी विधेयकतर्फ प्रतिनिधिसभाबाट आएको छ भने प्रतिनिधिसभा सदस्यलाई राष्ट्रिय सभाको प्रक्रियामा सहभागी गराउने व्यवस्था पनि गरिएको छ। नियम १२४ (६) मा भनिएको छ, 'प्रतिनिधिसभाबाट पारित भई आएको गैरसरकारी विधेयकको हकमा त्यस्तो विधेयकको प्रस्तुतकर्ता प्रतिनिधिसभा सदस्यले राष्ट्रिय सभामा

अख्तियारको अनुसन्धान निष्पक्षतामाथि विशेष अदालतको प्रश्न

सरकारी जग्गा हिनामिनासम्बन्धी दुई मुद्दामा पुनः अनुसन्धान गरी मुद्दा चलाउन अख्तियारलाई निर्देशनात्मक आदेश



■ **धनबहादुर कार्की,** प्रवक्ता, विशेष अदालत

निर्देशनात्मक आदेश सामान्यतया अनुसन्धान गर्ने निकायलाई दिइन्छ। अनुसन्धान पर्याप्त वा पूर्ण भएन भने अदालतले गर्ने कारबाहीमा वा फैसलामा तात्त्विक असर गर्न सक्छ। मुद्दा चलाउनुपर्नेलाई नचलाए ज-जसलाई चलाएको छ, उनीहरूले समेत सफाइ पाउने अवस्था आउन सक्छ। अर्कोतिर अभियोजन नै नहुँदा गलत गर्नेहरूले पनि उन्मुक्ति पाउन सक्छन्।



शिल्पा कर्ण/नयाँ पत्रिका

विशेष अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानको निष्पक्षतामाथि प्रश्न गर्दै एक सातामै दुई निर्देशनात्मक आदेश जारी गरेको छ। सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता भएकोसम्बन्धी दुई मुद्दामा पुनः अनुसन्धान गर्न आदेश दिएको हो।

ललितपुर र रुपन्देहीको सरकारी जग्गा हिनामिनासम्बन्धी मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निष्पक्ष अनुसन्धान हुन नसकेको विशेषको फैसलामा उल्लेख छ। बिरलै मुद्दामा मात्र अदालतले अनुसन्धानमाथि प्रश्न उठाउने गर्छ। विशेषका उपरजिस्ट्रार धनबहादुर कार्की अदालतका लागि अख्तियार र प्रतिवादी दुवै पक्ष हुने तथा अदालतले निष्पक्ष भएर फैसला गर्नुपर्ने भएकाले पर्याप्त अनुसन्धान र स्पष्ट अभियोजन हुनुपर्ने बताउँछन्। तर, कतिपय अवस्थामा राम्रो अनुसन्धान नहुँदा सम्भावित कसुरदारले समेत उन्मुक्ति पाउने अवस्था हुने उनको भनाइ छ।

१८ माघमा विशेषका अध्यक्ष टेकनारायण कुँवरका साथै सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासबाट यस्तो आदेश भएको छ। यस घटनामा अख्तियारले अपूरो अनुसन्धान गरेको र मुद्दा चलाउनुपर्नेहरूलाई नचलाएको ठहर इजलासको छ। अनुसन्धानपश्चात् अख्तियारले १५ माघ ०७७ मा मुद्दा दायर गरेको थियो। रुपन्देहीको भैरहवा मालपोतमा मुना पासिनले आफ्नो छुट जग्गा दर्ता कायम गरिपाऊँ भनी निवेदन दिएकी थिइन्। १२ कट्ठा आठ धुर जग्गा दर्ता गरी पाऊँ भनी ३१ असार ०६७ मा निवेदन दर्ता गराएको अभिलेख देखिन्छ। प्रतिवादीहरू रामराजा यादव र घनश्याम दुबेले छुट जग्गा दर्ताका लागि माग गरेकोभन्दा बढी जग्गा नापजाँच गरी कायम गरिदिएका थिए। यसरी निवेदनमा माग नै नभएको जग्गासमेत व्यक्तिका नाममा कायम भएको भेटिएको थियो। उनीहरूले खोलाको जग्गा ३७ सय वर्ग मिटर बढी दर्ता कायम हुने गरी नापजाँच प्रतिवेदन पेस गरेका थिए भने सोही आधारमा तत्कालीन नापी अधिकृतमार्फत मालपोत कार्यालय रुपन्देहीमा सिफारिससमेत पेस गरेको भेटिएको थियो। साथै, मालपोतकै उक्त सिफारिस प्रतिवेदनअनुसार प्रतिवादी मुना पासिनको नाममा जग्गा बढ कायम हुने गरी दर्ता निर्णय भएको थियो।

'यस प्रकार मुख्य निर्णयकर्ता प्रमुख नापी अधिकृत र मालपोत प्रमुखलाई अनुसन्धानको दायरामा नल्याई जग्गावाला र फिल्ड नापजाँच गर्ने प्राविधिक कर्मचारीलाई मात्र अभियोजनकर्ताले प्रतिवादी कायम गरी प्रस्तुत मुद्दा दायर गरेको देखियो,' विशेषले व्यक्त गरेको रायमा छ। अख्तियारले जग्गा बढ कायम गरेकोमा भने भैरहवाका नापी अधिकृत दुबे र सर्वेक्षक यादवमाथि कसुर कायम गर्दै दुवैलाई जनही ३-३ महिना कैद र नौ लाख ८३ हजार रुपैयाँभन्दा बढी जरिवाना असुल हुने फैसला सुनाएको थियो।

राष्ट्रसेवक कर्मचारीलाई प्रभावमा पारी जग्गा बढ गराई सार्वजनिक जग्गा आफ्नो नाममा कायम गरेको भन्दै मुना पासिनलाई समेत उति नै कैद तथा जरिवाना हुने सजाय सुनाएको थियो भने बढ कायम भएको १८ सय ७७ वर्गमिटर जग्गा फिर्ता हुनेसमेत निर्णय विशेषको इजलासले गरेको थियो। 'आरोपदाबीसँग सम्बन्धित सरकारी जग्गा व्यक्तिको नाउँमा निवेदन मागविना बढ कायम गर्न निर्णयमा संलग्न पदाधिकारीहरूका सम्बन्धमा अनदेखा गरी अनुसन्धान भएको नपाइएकाले सोतर्फ पुनः जाँचबुझ गरी आवश्यक कारबाही अघि बढाउनू' भनी अख्तियारलाई निर्देशनात्मक आदेश जारी भएको छ।

त्यस्तै, विशेषले ललितपुरको कर्मनाशा खोलाको जग्गा व्यक्तिको नाममा दर्ता गरेको विषयमा समेत पूर्ण अनुसन्धान गरी पुनः अभियोजन गर्न आदेश भएको छ। १५ माघमा विशेषका अध्यक्ष कुँवर तथा सदस्यहरू राई र श्रेष्ठकै इजलासबाट भएको फैसलामा अख्तियारको अभियोजनमाथि विशेषले असन्तुष्टि जनाएको छ।

कर्मनाशा खोलाको आठ रोपनीभन्दा बढी जग्गा हाउजिङका नाममा दर्ता गरेको दाबीसहित १६ पुस ०७७ मा विशेषमा मुद्दा दायर भएको थियो। जसमाथि फैसला गर्दै ०२२ सालको नक्सा तोडमोड भएको ठहरसहित हाउजिङ सञ्चालकहरूलाई दोषी ठहर गर्ने फैसला भएको थियो। युरो हाउजिङ र युरो ल्यान्ड डेभलपर्सका सञ्चालकहरू गुणीकाजी महर्जन, योगेश्वरकृष्ण पराजुली, कृष्णराज श्रेष्ठ, टंकबहादुर श्रेष्ठ, गोपालदास मानन्धर, बबिन मानन्धर र उज्वल मानन्धरले एक करोड २७ लाख रुपैयाँभन्दा बढी रकमलाई दामासाहीले हुन आउने रकम जरिवाना हुने निर्णय उक्त इजलासले गरेको थियो। उनीहरू सातैजनाले मालपोतको निर्णयबाट जग्गा दर्ता श्रेस्ता सुधार गरी खोलासँग जोडिएको जग्गामा निजी लाभ लिएको ठहर विशेषको थियो।

■ कर्मनाशाको जग्गा प्रकरणमा क-कसलाई चलाइएन मुद्दा ?

अख्तियारले कर्मनाशा खोलाको सार्वजनिक जग्गा हाउजिङको नाममा गरिएको विषयमा आठजनामाथि तत्काल मुद्दा नचलाउने निर्णय गरेको थियो। जसमध्ये तत्कालीन नापी अधिकृत भीष्म कार्की र काठमाडौं हस्पिटल प्रालिका सञ्चालक श्यामबहादुर कर्माचार्य पनि हुन्। कार्कीको ०७६ को असोजमा र कर्माचार्यको ०७७ मंसिरममा मृत्यु भएको थियो। कार्कीका साथै ललितपुर नापीका सर्वेक्षक केशव थापामगरले नियमविपरीत जग्गाको टायल चेक गरेको र सार्वजनिक जग्गा हाउजिङको नाममा हुने गरी फाइल तथा नक्सा बनाएको भेटिएको थियो।

विशेषले आदेशमा उल्लेख गरेअनुसार अभियोगपत्रको पृष्ठ ४७ मा कर्मचारीहरू ध्रुवप्रसाद रेग्मी, देवीबहादुर भण्डारी, केशवप्रसाद नेउपाने, भरतप्रसाद आचार्य र दामोदर कोइराला तथा कानुन व्यवसायी थिरराज दाहालको हकमा पनि मुद्दा नचलाउने निर्णय भएको देखिन्छ। अधिवक्ता दाहाल युरो हाउजिङ डेभलपर्स र काठमाडौं अस्पताल प्रालिका तर्फबाट कानुन व्यवसायीका हैसियतले कामकाजका लागि प्रतिनिधि तोकेको देखिएको थियो। जग्गाको टायल चेक, कित्ता एकीकरण र फाइल नक्सा बनाउन उनको भूमिका नदेखिएको भन्दै उनलाई प्रतिवादी बनाइएको थिएन।

तत्कालीन मालपोत अधिकृत रेग्मी, मालपोत अधिकृत भण्डारी, शाखा अधिकृत नेउपाने र भरतप्रसाद आचार्य तथा नायब सुब्बा कोइरालालाई मुद्दा नचलाउने आधारबारे अनौठो तर्क अख्तियारको छ। यी कर्मचारीहरू मालपोतमा रहँदा युरो हाउजिङ डेभलपर्स र युरो ल्यान्ड डेभलपमेन्टका सञ्चालकहरूले टायल चेक गरी पठाइदिन मालपोतलाई पत्राचार गरेका थिए। जसपछि मालपोतबाट नापी कार्यालयलाई अनुरोध भएको थियो। 'नापी कार्यालय ललितपुरले टायल चेक गर्दा सो सार्वजनिक खोलाको जग्गा पर्ने भए तापनि सार्वजनिक जग्गा नपर्ने भनी बदनियतपूर्वक खोलाको जग्गालाई बढ जग्गा कायम गरी च.नं. ४३९ मिति २०६४/०७/२२ गतेको पत्रसमेत मालपोत कार्यालय, ललितपुरलाई पठाई सोअनुरूप बढ जग्गा कायम गरी गलत टायल चेक गर्ने अधिकार नापी कार्यालयलाई भएको र नापी कार्यालय ललितपुरले टायल चेक गरी सार्वजनिक, पर्ती, ऐलानी जग्गा नपर्ने भनी बढ जग्गा कायम गरी गलत टायल चेक गरेको पाइएको देखिएकोले सो कार्यमा संलग्नता पुष्टि हुने आधार प्रमाण नदेखिएको,' मुद्दा नचलाउने आधारबारे अख्तियारले निर्णयमा भनेको छ।

संक्षेप

सुर्तीजन्य पदार्थ तथा अल्कोहल उत्पादक कम्पनीलाई प्रायोजक राखिएकोमा विरोध

काठमाडौं/ पोखरामा आगामी साता हुन लागेको 'नेपाल लिटुचर फेस्टिभल ०२४' लाई सुर्तीजन्य पदार्थ तथा अल्कोहल उत्पादक कम्पनीको प्रायोजन रहेको भन्दै विरोध भएको छ। ३ देखि ७ फागुनसम्म हुने फेस्टिभलको प्रायोजक चुरोट उत्पादक कम्पनी सूर्य नेपाल र खुकुरी रम (रक्सी)को उत्पादक कम्पनीलाई दिएकोमा विरोध गरिएको हो। एक्सन नेपाल नामक संस्थाले विज्ञप्ति जारी गरेर फेस्टिभलको विरोध गरेको छ। ठूलो मास भेला हुने उक्त कार्यक्रममा सूर्य टोबाकोजस्ता सुर्तीजन्य पदार्थ उत्पादक कम्पनीको नाम राख्दा त्यसले गलत अर्थ दिने र व्यापारसमेत प्रमोसन गर्ने विज्ञप्तिमा उल्लेख छ।

■ पत्रकारद्वय भट्ट र कुँवर पक्राउ

कञ्चनपुर/ प्रहरीले कञ्चनपुरका दुई पत्रकारलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले पत्रकारद्वय पुष्कर भट्ट र ऐश्वर्या कुँवरलाई शनिबार पक्राउ गरेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रकाश डाँगीले उनीहरूविरुद्ध विद्युतीय कारोबार (साइबर क्राइम)मा उजुरी परेपछि पक्राउ गरेको बताए। प्रहरी निरीक्षक बिनु शाहीको यातना सहन नसकी प्रहरी जवान नरेन्द्रनाथले राजीनामा दिएको विषयमा पत्रकारद्वय भट्ट र कुँवरले सामाजिक सञ्जालमा लेख्दै आएका थिए।

■ कुरान सरिफ वाचन तथा स्मरण प्रतियोगिता

काठमाडौं/ नेपालमा पहिलोपटक राष्ट्रियस्तरमा पवित्र धार्मिक ग्रन्थ कुरानवाचन तथा स्मरण प्रतियोगिताको आयोजना गरिएको छ। नेपालस्थित साउदी दूतावासको सहयोगमा मुस्लिम आयोगको आयोजनामा सम्पन्न प्रतियोगितामा देशभरका दुई सयभन्दा बढी मुस्लिम छात्रछात्रा (तालिबान) छन्। प्रतियोगिताको मुस्लिम आयोग अध्यक्ष सम्मिमियाँ अन्सारी र नेपालस्थित साउदी राजदूत साद नासिर अब्दुलाहले संयुक्त रूपमा उद्घाटन गरे।

कैद माफीका लागि पीडितको सहमति अनिवार्य हुने

कैद कट्टा नियमावली संशोधन गर्दै सरकार

नयाँ पत्रिका

कैद माफी मिनाहाका लागि पीडितको सहमति अनिवार्य हुने गरी सरकारले फौजदारी कसुर(कैद कट्टा) नियमावली संशोधन गर्ने भएको छ। सर्वोच्च अदालतको परमादेशपछि सरकारले पीडितको सहमतिपछि मात्र कैद माफी मिनाहा दिने प्रणाली लागू गर्न लागेको हो।

कारागार व्यवस्थापन विभागले नियमावली संशोधनको मस्यौदा गृह मन्त्रालयमा पठाएको छ। सर्वोच्च अदालतको फैसलाअनुसार पीडितको सहमति चाहिने गरी नियमावली संशोधन गर्न लागिएको विभागका महानिर्देशक काशीराज दाहालले बताए। कर्तव्य ज्यान मुद्दाका कैदी योगराज ढकाल 'रिगल'लाई कैद माफी दिएर छाड्ने निर्णयविरुद्धको रिटमा गत १६ कात्तिकमा सर्वोच्च अदालतले पीडितको सहमतिलाई अनिवार्य बनाएको थियो। उक्त फैसलामा भनिएको छ, 'कैद कट्टा गर्ने, छोट् याउने वा मिनाहा दिनेजस्ता कामकारबाही तथा निर्णय गर्दा कानुनद्वारा निर्धारित प्रतिशतको सीमा बन्देजका अतिरिक्त पीडितको हक संरक्षित रहने गरी निजको सहमति मञ्जुरीसमेत लिई, पीडितलाई सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय प्राप्त भएको अवस्था सुनिश्चित गरी, यस अदालतको आदेश र प्रतिपादित सिद्धान्तसहित कानुनमा उल्लेख भएका अन्य सर्तसमेतको समुचित रूपमा अनुसरण गरी तथा अवस्थाअनुसार सार्वजनिक हित, चासो र सरोकारका विषयसमेत दृष्टिगत गरी सजाय कम गर्ने वा घटाउने, छुट दिने निर्णय गर्नु र यसरी गरिने निर्णयमा वस्तुगत आधार र उचित कारण अभिव्यक्त रूपमा खुलाएर मात्र निर्णय गर्नु भनी प्रत्यर्थीहरूको नाममा परमादेश जारी हुने ठहर्छ।'

सोहीअनुसार सरकारले कैदी माफी तथा कट्टामा नियमावली संशोधन गर्न लागेको हो। तर, पीडित नभएका फौजदारी मुद्दाको हकमा भने के गर्ने भन्ने अन्योल रहेको कारागार व्यवस्थापन विभागका अधिकारी बताउँछन्। सर्वोच्चको फैसलाको पूर्णपाठ आइसकेको छैन। सरकारले गणतन्त्र दिवस, संविधान दिवस र प्रजातन्त्र दिवसमा ५० प्रतिशत कैद भुक्तान गरिसकेका, नकारात्मक मुद्दाको सूचीमा नरहेका र असल चालचलन भएका कैदीलाई छाड्दै आएको छ। सर्वोच्चको फैसलापछि आगामी ७ फागुनको प्रजातन्त्र दिवसमा भने कैदीहरू नछुट्ने भएका छन्। अब सर्वोच्चको फैसलाको पूर्णपाठपछि र नियमावली संशोधनपछि मात्र यस विषयमा निर्णय गरिने विभागका महानिर्देशक दाहाल बताउँछन्। साथै, सर्वोच्चले असल चालचलन भएको पुष्टि हुने आधार देखाएर मात्र कैद छुट दिन भनेको छ। यो व्यवस्था लागू गर्न कठिन हुने भन्दै महान्यायाधिवक्ता कार्यालयले सर्वोच्चको परमादेशविरुद्ध भ्याकेटमा जानेबारे समेत छलफल गरिरहेको छ। साथै, नयाँ नियमावलीमा ज्येष्ठ नागरिकले पाउने कैद छुटको विषय पनि समावेश गर्न लागिएको छ।

बाँकेको नौवस्तामा क्षेत्रीय कारागार सञ्चालनको तयारी अघि बढेको छ। कारागार व्यवस्थापन विभागले सम्पूर्ण तयारी पूरा गरी कर्मचारीको दरबन्दी माग गरेको छ। दरबन्दी संरचनाको प्रस्ताव पनि मन्त्रिपरिषद् कार्यालयमा पुगिसकेको छ। मन्त्रिपरिषद्बाट दरबन्दी संरचना स्वीकृति भएलगत्तै नौवस्ता कारागार सञ्चालनमा आउने विभागका महानिर्देशक दाहालले बताए।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Integrated Energy and Irrigation Special Program
Invitation for Bids
Date of publication: 2080/10/28 B.S.

The **Integrated Energy and Irrigation Special Program** invites electronic bids from the eligible Nepalese bidders for the procurement of works. The details of the individual project are given below:

S. N.	Description of Project	Contract No.	Estimated Amount in NRs. (With VAT)	Bid Security Amount in NRs.	Price of Bidding Document (Non-refundable NRs.)
1.	Construction of Labdhu Dhikure Sera Irrigation project, Likhu-1,2, Nuwakot.	Works-LDSIP-NCB-2080/81-63	89,04,407.70	2,25,000.00	3000.00
2	Construction of Bohore Khola-Kotthok Sabik 7&8 Irrigation project, Shivapuri-7 , Nuwakot.	Works-BKKIP-NCB-2080/81-64	89,04,252.59	2,25,000.00	3000.00
3	Construction of Bohore Muhan- Dumre Irrigation Project, Shivapuri-8, Nuwakot.	Works-BMDIP-NCB-2080/81-65	44,54,842.88	1,10,000.00	3000.00

Only electronic bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 2080/11/29, 12:00 noon. Eligible Bidders may obtain further information from **Integrated Energy and Irrigation Special Program, Pulchowk, Lalitpur** or may visit PPMO website www.bolpatra.gov.np/egp.

Co-ordinator

MJS Makar jitumaya Suri Hydropower

मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड
रजिष्टर्ड कार्यालय: त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ०१-४११७००८
Web: www.mjshydropower.com.np, Email: mjs.hydropower2065@gmail.com

Unaudited Financial Reports (Quarterly)
As on 2nd Quarter of Fiscal Year 2080/81
Statement of Financial Position
(figures in NPR)

Particulars	Quarter Ending Poush 2080 (Unaudited)	Quarter Ending Ashwin 2080 (Unaudited)	Corresponding Previous Quarter Ending Poush 2079
Assets			
Non-Current Assets			
Property, plant and equipment	7,188,612	7,114,475	5,571,963.41
Intangible assets	2,695,929,923	1,214,451,209	1,245,722,062
Intangible Assets (Held under construction)	-	1,078,812,092	759,754,971
Total Non-Current Assets	**2,703,118,535**	**2,300,377,776**	**2,011,048,996**
Current Assets			
Cash and cash equivalents	49,423,066	25,933,830	46823109.51
Other Financial Assets	47,837,837	58,586,369	22010739.97
Other Assets	1,610,206	266,779,469	231505602
Total Current Assets	**98,871,108**	**351,299,668**	**300,339,451**
Total Assets	**2,801,989,643**	**2,651,677,443**	**2,311,388,448**
Equity and Liabilities			
Equity			
Equity share capital	760,000,000	760,000,000	532000000
Retained Earnings	(32,985,335)	(20,993,637)	(32,670,459)
Total Equity	**727,014,665**	**739,006,363**	**499,329,541**
Liabilities			
Non-Current Liabilities			
Long Term Borrowing	1,722,063,656	1,718,196,004	1393639131
Total Non-Current Liabilities	1,722,063,656	1,718,196,004	1,393,639,131
Current Liabilities			
Short Term Borrowing	274,450,335	160,000,000	360335732.4
Trade Payables	24,516,548	2,623,678	3961835.78
Other Current Liabilities	53,944,440	31,851,399	54122207.5
Total Current Liabilities	**352,911,322**	**194,475,077**	**418,419,776**
Total Liabilities	**2,074,974,978**	**1,912,671,081**	**1,812,058,907**
Total Equity and Liabilities	**2,801,989,643**	**2,651,677,443**	**2,311,388,448**

Statement of Profit or Loss

Particulars	Quarter Ending Poush 2080 (Unaudited)	Quarter Ending Ashwin 2080 (Unaudited)	Corresponding Previous Quarter Ending Poush 2079
Revenue from sale of Electricity	126,904,939	67,792,986	91,626,986
Revenue from service concession agreement	484,801,848	65,613,117	197,548,015
Less:Cost of sales	495,482,519	67,372,255	202,572,241
Gross Profit	**116,224,268**	**66,033,847**	**86,602,760**
Depreciation & Amortization	27,925,691	11,018,720	21,834,621.39
Other Income	4,641	811	3452.14
Employee Benefits Costs	2,707,253	1,304,078	3789307.9
Administrative and Other Operating Expenses	5,412,664	2,293,335	1706910.46
Profit from operation	**80,183,301**	**51,418,525**	**59,275,372**
Finance Costs	62,955,532	27,640,356	53145146
Profit Before tax	**17,227,769**	**23,778,169**	**6,130,227**
Income tax Expense			
Current Tax			
Deferred Tax			
Profit for the Year	**17,227,769**	**23,778,169**	**6,130,227**
Other Comprehensive Income			
Other Comprehensive Income not to be reclassified to profit or loss in subsequent periods	-	-	-
i. Re-measurement (losses)/ Gains on post Employment Defined Benefit Plans	-	-	-
ii. Equity instruments through Other Comprehensive Income	-	-	-
iii. Tax Relating items that will not be classified to profit or loss	-	-	-
Other comprehensive gain/ (loss) for the year, net of tax	-	-	-
Total comprehensive gain/ (loss) for the year, net of tax	**17,227,769**	**23,778,169**	**6,130,227**

Second Quarter Disclosure as of 29th Poush 2080 (14th January 2024) as per Securities Registration and Issuance Regulation Annexure 14 (Related to Sub-regulation 1 of Regulation 26)

1. Financial Statements
a) The financial statements for the period ended as on second quarter have been published as a part of this report.
b) The amount of Rs. 5,685,981 which has been capitalized earlier under project WIP has been charged to Profit & Loss accounts after the audit of the financial statements & hence the amount of reserve & surplus varied by the same amount.
c) The following financial information is presented based on unaudited figures and is provided for informational purposes only. These figures have not been subject to an independent audit or review by external auditors.
d) Key Financial Ratios at the end of the quarter:

Other Financial Highlights

Particulars	Quarter Ending Upto Poush 2080 (Unaudited)	Quarter Ending Ashwin 2080 (Unaudited)	Corresponding Previous Quarter Ending Poush 2079
Interest Income	4,641	811	3,452
Interest Expenses	62,955,532	27,640,356	53,145,146
Net Interest Income	(62,950,892)	(27,639,545)	(53,141,694)
Total Operating Income	126,904,939	67,792,986	91,626,986
Operating Profit	80,178,661	51,417,714	59,271,920
Profit Before Tax	17,227,769	23,778,169	6,130,227
Tax	-	-	-
Net Profit	17227769	23778169	6130227
EPS(Basic)	2.2668	3.1287	1.1523
PE Ratio	158.15	76.39	N/A
ROA	0.63%	0.92%	0.27%
ROE	2.35%	3.27%	1.23%
Networth Per Share	95.66	97.24	93.86

2. Management Analysis
a) Any changes in the stock, income and liquidity during the quarter and reason for change, if any: Revenue from the Sale of Electricity has increased slightly as compared to the corresponding previous year's quarter ending. The increase in revenue is due to the good energy generation at the quarter. The administrative and operation expense of this quarter includes the expenses incurred in carrying the administrative works of the company for the Suri Khola Project. At the same time the administrative expenses incurred for the Upper Suri Khola Hydroelectric project has been capitalized as intangible assets under development till COD Date i.e 21/08/2080 and rest of the period (22/08/2080 to 29/09/ 2080) administration expenses charged in the P/L accounts .
b) The statement of management analysis on the upcoming business plan: The company management is persistently working on improving internal control system and risk management practices.
c) The analytical statement of the possible effect on company's profitability, stock and cash flow based on the past experience: The Company has maintained steady progress and there has been no such other incident during the period which might have negative impact on the profit or cash flow of the company.
d) Increased Revenue Streams: The introduction of the new project (Upper Suri Hydroelectric Project) has led to a significant uptick in turnover. This is primarily attributed to the addition of new revenue streams generated by the project's offerings.
e) The company has to expense high for the spare parts of the Suri project due to which the company has to suffer the amount of loss during the quarter.
3. Statement relating to Legal Action
a) Case filed by or against the Company during the quarter, if any: None
b) Case filed by or against the Company or its Promoter or Director for violation of the prevailing regulation or committing the criminal offence, if any: None
c) Case filed against the Promoter or Director on financial crime, if any: None
4. Analysis of the share transaction of the company
a) During the second quarter, MAKAR shares traded actively for a day till the end of Poush 2080 as its shares were listed in NEPSE on 21th of Baishak 2080 and began trading on 25th Baishak 2080.
b) The highlights of the share transactions during the quarter are as follows:

Maximum Price (NRP)	Minimum Price (NRP)	Closing Price (NRP)	Transaction Days
358.5	217	358.5	49

5. Problems and Challenges
a) Internal
- Retention and optimization of skilled human resource.
- Maintaining operational efficiency
- Fund management

b) External
- Inconsistent regulatory and policy level commitment from the government regulatory agencies in development of hydroelectric projects.
- Lack of domestic suppliers and vendors for hydropower equipment and spare parts.
- Inadequate existing transmission line

c) Strategies
- Implementation of HR optimization plan.
- Lobbying with government authorities for investment friendly environment.
- Identification of different financial instruments along with risk assessment.
- Development of various internal policies and procedures.

6. Corporate Governance
The Board of Directors are committed to upholding good corporate governance practice in the company through implementation of policies and guidelines for proper functioning of the company. Various committees and sub-committee that are to be formed in compliance with Companies act, 2063 and Corporate Governance Guidelines, 2074 issued by Security Exchange Board of Nepal are in the process of formation.
7. Declaration of Chief Executive Officer on Truth, Tactfulness
I, the Chief Executive Officer/Chief Finance Officer of this Company, take responsibility for accuracy of the information and details mentioned in this report. I also declare that the information and details mentioned in this report are complete, true, based on facts and the information, details necessary for making informed decision by the investors are not concealed.

‘सामूहिक भ्रष्टाचार’को चित्र

भ्रष्टाचार सामाजिक मानक बनेर भ्रष्टाचारलाई नै योग्यताका रूपमा स्वीकार गर्ने सामाजिक मूल्यको विकास हुँदै गएको देखिन्छ



● बिआर भट्ट

अग्रलेख



दृष्टान्त १ : खरदारदेखि प्रधानमन्त्रीसम्मको सहभागिता र सेटिङमा सरकारी संयन्त्रहरू नै सहभागी भएर सरकारी जग्गा हडपी बिचौलिया, नेता, कर्मचारी, व्यापारी, न्यायाधीश, नक्कली मोही सबैले बाँडीचुँडी खाएको ललितानिवास मुद्दा अहिले अख्तियार हुँदै अदालतमा विचाराधीन छ।

दृष्टान्त २ : नेपाली नागरिकलाई अमेरिकाको प्रलोभन देखाई नक्कली भुटानी शरणार्थी बनाएर करोडौँ रकम असुली मन्त्रिपरिषद्बाट नीतिगत निर्णयसमेत गराउने गरी तालुकदार मन्त्री, मन्त्रीका सल्लाहकार, सचिवसमेत एकजुट भएर लागेको प्रकरण बाहिर आयो। यो प्रकरणमा दोषीहरूलाई जोगाउन भएका खेल आमनागरिकबाट छिपेको छैन। यसले राज्य संयन्त्रलाई कुन हदसम्म निकम्मा बनाइएको छ भन्ने कुरा प्रस्टसँग देखाउँछ।

दृष्टान्त ३ : अन्तर्राष्ट्रिय विमानस्थलबाट निर्बाध रूपमा एकलटमै सयौँ किलो सुनको तस्करी भइरहेको, तस्करले सरकारले भन्दा ठूलो सुन प्रशोधन उद्योग नै सञ्चालन गरिरहेको, अन्तरदेशीय सुन तस्करीको नाइकेलाई सरकारी अधिकारीले नै नक्कली नागरिकताको होम डेलिभरीकै व्यवस्था गरिदिएको र त्यस्ता तस्करको पहुँच ठूला नेता, व्यापारी, कर्मचारी, सुरक्षा निकायका प्रमुखहरूको बेडरुमसम्मै पुगेको पनि देखियो।

दृष्टान्त ४ : अवैध मानव तस्करीमा ट्राभल एजेन्सी, मेनपावर व्यवसायी, प्रहरी, ठूलो संख्यामा अध्यागमनका अधिकारी, हवाई सेवा कम्पनीलगायत सरोकारवाला सबै मिलेर नक्कली कागजपत्र बनाउने, त्यसैका आधारमा मानव तस्करी गरिएको पनि देखियो। ठूलो परिमाणमा हुने घुसको असुली बाँडफाँडका लागि अध्यागमन कार्यालयमा त ‘समिति’ नै खडा गरिएको साबिती आएको छ।

दृष्टान्त ५ : एउटा सार्वजनिक संस्थानको पोखरास्थित कार्यालय प्रमुखले आफ्नो कार्यालयको सरकारी सम्पत्ति दुरुपयोग गरी त्यसबाट प्राप्त रकमले पाँच सय किलो माछा खरिद गरी काठमाडौँस्थित केन्द्रीय कार्यालयमा आफूभन्दा माथिल्ला अधिकारीको समूहलाई वितरण गरेको भनी उजुरी परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धानको लागि सोधिखोजी भएको समाचार सार्वजनिक भयो। यसो गरेबापत स्याबासी पाएका तिनै कार्यालय प्रमुखले पछि थप सार्वजनिक सम्पत्ति चोरी बिक्री गरिरहेको अवस्थामा रंगेहात पक्राउ भएर जिल्ला अदालतमा मुद्दासमेत दायर भएको पनि सार्वजनिक भयो।

दृष्टान्त ६ : नेपाल आयल नियमले भारतबाट खरिद गर्ने एलपिजी ग्यासमा खरिद मूल्यमा प्रति सिलिन्डर ३०४ रुपैयाँ घाटा व्यहोरेर बिक्री गर्ने गरेको छ। सर्वसाधारणलाई अनुदानस्वरूप सहुलियत दिनका लागि यस्तो घाटा व्यहोरेको नक्कली तर्क गरिए पनि यसको वास्तविकता भने अर्कै छ। एकातिर आमजनसाधारणमा पहुँच नपुगेको कारण अनुदानको एलपिजी ग्यासको ठूलो परिमाणको लाभ ठूला व्यावसायिक घरना, औद्योगिक प्रतिष्ठान, महँगा होटेल, रेस्टुरेन्टहरूले लिइरहेका छन्। अर्कोतर्फ एलपिजी ग्यासको न्यून मूल्यको कारण हुन गएको नोक्सानी डिजेल पेट्रोलको मूल्यमा जोडी समायोजन गरिएको छ, जसको अन्तिम भार पनि सर्वसाधारण जनतामा पर्न गएको छ। यसरी सर्वसाधारण जनतामाथि दोहोरो शोषण भइरहेको छ।

सर्वसाधारण जनताबाट असुलेर सीमित व्यापारीलाई पोस्ने यस्तो अविवेकी निर्णयमा राज्यका सबै निकाय एकमत हुनुले तिनका न्यायिक आत्मा र जवाफदेहिता आर्यघाटमा खरानी भएको सहजै अनुमान गर्न सकिन्छ। राज्यको कोषबाट तलबभत्ता खाएर राज्य संविधान र कानुनले परिकल्पना गरेको सामाजिक न्यायको आधारभूत सिद्धान्तविपरीत आफ्नो न्यूनतम विवेकसमेत गुमाएर राज्यतहबाटै यस्तो निर्णय हुनु पनि ‘सामूहिक भ्रष्ट चेत’को एउटा कुरूप तस्बिर नै हो।

यी प्रतिनिधि दृष्टान्त मात्र हुन्। यी घटनाक्रमभन्दा पहिले र पछि पनि यस्ता अन्य कैयौँ दृश्य एकपछि अर्को पटाक्षेप भएका छन्, हुँदै छन्। एउटा मन्त्रीले सुरु गरेको गैरकानुनी धन्दालाई अर्को मन्त्रीले नियन्त्रण गर्नुको सट्टा त्यसलाई नै निरन्तरता दिइन्छ। एउटा कार्यालयबाट हुँदै गरेको गैरकानुनी धन्दा अर्को कार्यालयबाट नियन्त्रण गर्नुको सट्टा मिलेमतो र ढाकछोपमा लाग्ने गरेको देखिन्छ। गैरकानुनी रूपमा प्राप्त यति ठूलो परिमाणको माछा सबैले बाँडीचुँडी खानु तर खानेमध्ये कसैले पनि यो कसरी आयो भनेर सोधिखोजी नगर्नु। परिवारको एउटा सदस्य आपराधिक कर्ममा लाग्दा अरू सदस्यले त्यसलाई रोक्नुको सट्टा एउटै परिवारका सदस्य मिलेर अवैध धन्दामा सहभागी हुनु। सरकारी संयन्त्रहरू नै आपसी समन्वयमा रही गैरकानुनी कार्य गरी राज्यलाई दिनानुदिन कमजोर बनाउने एवं अपराध र अपराधीलाई नै बलियो बनाउनेतर्फ उन्मुख भएका दृश्यले नेपालमा भ्रष्टाचारको फैलिँदो आयतन, आवृत्ति र प्रवृत्तिको भयावह दृश्यलाई ईंगित गर्छ।

एम्नेस्टी इन्टरनेसनलले बर्सेनि सार्वजनिक गर्ने गरेको ‘भ्रष्टाचार अनुभूति सूचकांक’ले नेपाललाई निरन्तर अत्यधिक भ्रष्टाचार हुने मुलुकको सूचीमा राखेको छ। विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्सम्यान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट र भी डिइएमसहित ६ वटा प्रतिष्ठित संस्थाद्वारा प्रकाशित सर्वेक्षणलाई सिपिआईको आधार मानिन्छ। सर्वेक्षणको क्रममा सरकारद्वारा सार्वजनिक पदाधिकारीको काम कारबाहीको निगरानी, नागरिक समाजलाई राज्यको सूचनामा पहुँच र सीमित व्यक्तिहरूको राज्य सञ्चालनमा पकड, आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा र न्यायिक निर्णयमा हुने भ्रष्टाचार, पदको दुरुपयोगमा सार्वजनिक पदाधिकारीमाथि हुने कारबाही र सरकारको भ्रष्टाचार नियन्त्रणको प्रयासको प्रभावकारिता, सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोग, राजनीतिक भ्रष्टाचारअन्तर्गत संसद् कार्यपालिका र न्यायपालिका सम्बन्धित भ्रष्टाचारको व्यापकताजस्ता विषयमा सर्वेक्षण गरी तयार पारिएको यस्तो प्रतिवेदनले समेत नेपालको सुशासनको कमजोर अवस्थालाई देखाएको छ। नेपालले सो सूचकांकलाई पछ्याउने र आफूलाई सोहीअनुसार भ्रष्टाचार नियन्त्रणमा क्रियाशील बनाउनुको सट्टामा भने ठूला काण्डहरू एकपछि अर्को अगाडि आइरहेका छन्।

> भ्रष्टाचारको आयतन, आवृत्ति र प्रवृत्तिको विस्तारले सामूहिक स्वरूप ग्रहण गरेको छ र हाम्रो समाजले भ्रष्टचारका लागि उर्वर भूमि तयार पारिरहेको छ। समाज सामूहिक भ्रष्टाचारको राजमार्गमा दौडिरहेको देखिन्छ।

यसरी भ्रष्टाचारको आयतन, आवृत्ति र प्रवृत्तिको विस्तारले सामूहिक स्वरूप ग्रहण गरेको छ र हाम्रो समाजले भ्रष्टचारका लागि उर्वर भूमि तयार पारिरहेको छ। समाज सामूहिक भ्रष्टाचारको राजमार्गमा दौडिरहेको देखिन्छ। समाजभित्रका संस्था, व्यक्ति वा दुवैको महत्त्वपूर्ण हिस्सा सामूहिक र संस्थागत रूपमै संलग्न हुने भ्रष्ट अभ्यासको व्यापकता नै सामूहिक भ्रष्टाचार हो। यो प्रणालीगत मुद्दा हो। यहाँ भ्रष्टाचार सामाजिक, राजनीतिक वा आर्थिक परिदृश्यका विभिन्न तहमा गहिरो रूपमा प्रवेश गरिसकेको देखिन्छ। यसले राजनीति र समाज, निजी र सरकारी क्षेत्रको सम्बन्धलाई विकृत बनाउँदै लगेको छ।

नेपालमा सामूहिक भ्रष्टाचारका लक्षण

ठूला भ्रष्टाचार : उच्च तहका अधिकारी वा शक्तिशाली निकाय ठूलो राशिका भ्रष्टाचारमा सहभागी हुन्छन्। यसबाट सार्वजनिक स्रोतको ठूलो दुरुपयोग भइरहेको छ। कर्मचारी नेता र ठूला व्यापारीको सामूहिक सहभागिता र योजनामा हुने ललितानिवास जग्गा हिनामिना प्रकरण, नेसनल पेमेन्ट गेटवे खरिद प्रकरणजस्ता ठूलो आयतन र सञ्जालमा भ्रष्टाचारजन्य कार्य सामूहिक भ्रष्टाचारका उदाहरण हुन्।

घुसखोरी : घुसखोरी व्यापक संस्कृति नै बनिसकेको छ। आधारभूत सेवा र अवसर सुरक्षित गर्न पनि घुसका लागि बाध्य पारिन्छ। दैनिक सेवा प्रवाहका कार्यालयदेखि नीतिगत तहसम्म घुसखोरी अनिवार्य भइसकेको छ। नक्कली भुटानी शरणार्थी प्रकरणमा सार्वजनिक भएको घुस रकमको संकलन तथा बाँडफाँडको सञ्जाल सामान्य नागरिकदेखि मन्त्रीसम्मै पुगेको ताजा परिघटनाले समाजको ठूलो हिस्सा यसमा सहभागी देखिएको छ।

नातावाद र कृपावाद : योग्यता र क्षमताको सट्टा व्यक्तिगत लेनदेन र सम्बन्धमा आधारित पक्षपातपूर्ण व्यवहारले व्यापक भ्रष्टाचार निम्त्याउँदै छ। विशेषगरी रोजगारीका अवसर वितरण राजनीतिक नियुक्ति र व्यापारिक सम्झौताका क्षेत्रलाई यसले विकृत बनाइरहेको छ।

समानान्तर अनौपचारिक प्रणाली : राज्यको औपचारिक कानुनी ढाँचाबाहिर राजनीतिक नेतृत्व, कर्मचारी, व्यापारी, ठेकेदार, लेखापरीक्षक, अनुसन्धान अधिकारी, सरकारी वकिल, न्यायाधीश सबैबीच ‘मिलेर खाने र मिलाएर खाने’ सवालमा आमसहमति भई अनौपचारिक प्रणालीको विकास भइसकेको देखिन्छ। यसले राज्यको औपचारिक प्रणालीकै समानान्तर कार्य गरिरहेको छ। फलस्वरूप राज्यको औपचारिक क्षमताले यस्ता समानान्तर अनौपचारिक गतिविधिलाई नियमन गर्ने क्षमतासमेत गुम्दै गइरहेको छ, जसका कारण अराजकता हाबी हुँदै गएको छ।

भ्रष्ट संस्थाहरू : कानुनको प्रवर्तन गर्ने, कार्यान्वयन गर्ने र संपरीक्षण गर्ने संस्थाहरू नै आफ्नो मूल्यमा सम्झौता गर्दै छन्। अनियमितता नियन्त्रण र जवाफदेहिता प्रवर्द्धन गर्ने संवैधानिक निकायका पदाधिकारी नियुक्तिमा हुने भागबन्डा र तिनको कार्यसम्पादनको गुणस्तर हेर्दा यसले कानुनको शासनलाई र जनताको विश्वासलाई कमजोर बनाउँदै लगेको छ। यिनले भ्रष्टाचारमा योगदान पुऱ्याउँदै छन्।

कमजोर नियमन संयन्त्र : कानुनको अपर्याप्तता र कमजोर नियमन ढाँचा तथा निम्छरो कार्यान्वयन संयन्त्रले गर्दा पनि ठूलो मात्रामा भ्रष्टाचार फस्टाउन ‘इको सिस्टम’ प्रदान गरिरहेको छ।

सांस्कृतिक रूपमा स्वीकृति : भ्रष्टाचारको गहिराइलाई सांस्कृतिक रूपमा स्वीकार गरेपछि त्यो सामाजिक मानक बन्न पुग्दो रहेछ। त्यसले व्यक्तिलाई भ्रष्टाचारप्रति अझै प्रेरित गर्दै भ्रष्टाचारलाई नै योग्यताको रूपमा स्वीकार गर्ने सामाजिक मूल्यको विकास हुँदै गएको देखिन्छ।

सामूहिक भ्रष्टाचारको मूल्य : सामूहिक भ्रष्टाचारमा समाज र राष्ट्रले गुमाउँछ भने भ्रष्टहरूले हात पार्छन्। सामूहिक भ्रष्टाचारले राज्य सयन्त्रकै दुरुपयोग गरी राष्ट्रलाई कमजोर र भ्रष्टहरूलाई बलियो बनाउँछ। व्यापक घुसखोरी, नातावाद, कृपावाद, सार्वजनिक संस्था र पदाधिकारीको भ्रष्टीकरण यसका प्रतिफल हुन्। भ्रष्टाचार संस्कृतिका कारण सार्वजनिक कोषको घोटाला र दुरुपयोग, पारदर्शिताको अभाव, कानुनी शासनको क्षय, समानान्तर अर्थतन्त्रको अभ्यास, सामाजिक असमानता र विभेद, सांस्कृति विचलन र विकृति, नागरिक संलग्नताको अभाव र निरुत्साहन, कमजोर पूर्वाधार विकास, सार्वजनिक विश्वासको क्षय र अनुचित खालका व्यापारिक अभ्यास आम भइरहेका छन्। राजनीतिक अस्थिरता र अशान्तिलगायत भ्रष्टाचारसँग सम्बन्धित जोखिमका कारण विदेशी सहायता र विदेशी लगानीकर्तालाई समेत अवरोधको सिर्जना हुन पुगेको छ। पेसा र व्यावसायिक क्षेत्रहरूका नैतिकस्तरमा विचलन देखापर्ने, कालोबजारका गतिविधि बढेर जाने र स्वास्थ्य शिक्षाजस्ता अत्यावश्यक सेवाको गुणस्तरमा गिरावट हुने, प्रेस स्वतन्त्रतामा कर्पोरेट सेन्सर, सेल्फ सेन्सर तथा निर्देशित पत्राकारिताको अभ्यास हुने र अत्यधिक कर्मचारीतन्त्रीय अवरोधले गर्दा भ्रष्टाचारको नयाँ-नयाँ अवसर सिर्जना हुने गर्छ। माथि उल्लिखित लक्षणले सामूहिक रूपमा समाज, शासन र सार्वजनिक जीवनका विभिन्न पक्षमा व्यापक भ्रष्टाचारको गहिरो प्रभावको संकेत गर्छन्। आमभ्रष्टाचारलाई सम्बोधन गर्न व्यापक दृष्टिकोण चाहिन्छ। व्यक्ति र उम्मेदवार केन्द्रित नभई दलकेन्द्रित निर्वाचन प्रणालीको अवलम्बन, नियुक्तिमा योग्यता र क्षमतामा प्रावधानलाई समेट्ने, संस्थाहरूको सुदृढीकरण, पारदर्शिताको प्रवर्द्धन, जवाफदेही संस्कृतिको विकास, नियन्त्रण र सन्तुलनको सिद्धान्तको व्यावहारिक अभ्यासलगायत भ्रष्टाचार निरोधका प्रभावकारी उपाय सघन रूपमा अवलम्बन गर्नुपर्छ।

---

३ प्रश्न

शिक्षाविद् **विद्यानाथ कोइरालालाई**



■ हाम्रा क्याम्पसमा ‘ड्रपआउट’को मूल कारण के होला ?

मूल समस्या हाम्रा क्याम्पस वा विश्वविद्यालय सञ्चालकसँग विद्यार्थीको गतिमा हिँड्ने रहर र निर्णय गर्ने ताकतको अभाव हो। अर्थात्, अब नियमित पढ्न सक्ने अवस्था छैन, गेरु खानुपर्छ भनेपछि विद्यार्थीले आंशिक क्याम्पस खोज्छ। हामी आंशिक क्याम्पस बनाउँदैनौँ। विद्यार्थी घरै बसेर पढ्न खोज्छ, हामी अनलाइन कक्षा चलाउँदैनौँ। हाम्रो सोच अहिले जसरी चलिरहेको छ, उसैगरी चलिरहोस् भन्ने छ। विद्यार्थीलाई गरिखाने मेलो, उद्यमीकरणको सीप, बजारीकरणको तरिकाका साथै प्रज्ञिक अब्बलता पनि चाहिएको छ, हामीले दिन सकेनौँ। यी चार काम नगरेकाले विद्यार्थी कलेज छाडेर भाग्दै छन्।

■ ‘विद्यालय शिक्षा विधेयक’ र ‘उच्च शिक्षा विधेयक’ कस्तो आउनुपर्छ ?

म नीतिभन्दा नियतिमा विश्वास गर्छु। सरकारले ‘पढाइ व्यवहारसँग जोडिएको, वैज्ञानिक, जनमुखी हुनुपर्छ’ भनेर लेख्दो रहेछ। तर, कार्यक्रम त्यस्तो नहुँदो रहेछ। भोलिको विद्यार्थी कस्तो होला ? उसलाई पढाउने शिक्षक कस्तो हुनुपर्ला ? हरेक विद्यार्थीको सीपको सुनिश्चितता गर्ने कुरा के होलान् ? विद्यालय तहको शिक्षा ऐनमा यी चार-पाँच कुरा हुँदा पुग्थ्यो। विद्यार्थी होइन, शिक्षक प्रमुख ऐन आउने भयो। विश्वविद्यालय भनेको स्वायत्त संस्था हो। तर, नीतिवेत्ताहरूको चिन्तन- मैले पैसा दिएको छु त्यसैले मेरो नियन्त्रणमा बस्नुपर्छ भन्ने भयो। प्राज्ञिक र आर्थिक स्वतन्त्रताबीचको दूरी कहाँनेर हो छुट्याउने चाहनुभएन। प्रधानमन्त्री, मुख्यमन्त्री कुलपति हुने ढंगले जानुभयो। देशलाई विश्वविद्यालय कति, कुन ठाउँमा, कस्ता चाहिएलान् ? लगानीको डिजाइन के हुने ? जस्ता कुरालाई बेवास्ता गरियो।

■ उच्च शिक्षामा सुधारका लागि त्रिविको ‘भिसी’ कस्तो व्यक्ति आउनुपर्छ ?

भिसीको कुरा फरक हो। भिसी खोज्न ‘सर्च’ कमिटी बनाउनुपर्थ्यो, ‘कल कमिटी’ बनाइयो। छान्ने आधार पनि यान्त्रिक बनाइयो। भिसी त तीनवटा तागत अर्थात् प्रज्ञिक तागत, प्रशासनिक तागत, स्वदेश विदेशको जनपरिचालन गरेर उपयोग गर्ने तागत भएको व्यक्ति खोज्नुपर्थ्यो। १४ जनाको लिस्टलाई नै हेर्रौं। त्यहाँ केही परीक्षित र असफल मान्छे छन्। बाँकी रहेकाबाट आउने आशा गर्न सकिने अवस्था छैन।

प्रेरक प्रसंग

सहनशील बन

एक मन्दिरमा स्थापित प्रस्तर मूर्तिमा चढाइएको एक फूलले आक्रोशित हुँदै पुजारीसित भन्यो- पुजारी महोदय, तपाईं जहिल्यै यस प्रस्तर मूर्तिमा मलाई चढाएर यसको पूजा गर्नुहुन्छ। यस्तो पारा मलाई कत्ति पनि मन पर्दैन। पूजा नै गर्ने हो भने त मेरो पो हुनुपर्ने हो त ! किनकि, म कोमल, सुन्दर र सुवासित छु। तपाईं जसको पूजा गरिरहनुभएको छ, त्यो त मात्र एउटा पत्थर हो, पत्थर !

फूलको आक्रोशयुक्त गुनासो सुनिसकेपछि पुजारीले मन्द मुस्कानसाथ भने- हे सुन्दर फूल ! हो, तिमीले भनेजस्तै तिमी सुन्दर छौ। कोमल छौ। सुवासित छौ। तर, तिमीलाई ईश्वरले नै यस्तो बनाएका हुन्। यी सब गुण तिमीले सहजतासाथ प्राप्त गरेका हौ। यसका लागि तिमीले कुनै श्रम गर्नुपरेन। कठोर प्रहार सहनुपरेन। किनकि, देवत्व प्राप्त गर्न निकै कठिन छ। यो देव प्रतिमा निकै कठिनतापूर्वक निर्माण गरिएको हुन्छ।

एक कठोर पत्थरले देव प्रतिमा बन्न हजारौँ प्रहार सहनुपर्छ। चोट लाग्दैमा कमजोर भई फुटेको भए यो कहिल्यै देव प्रतिमा बनेर यसरी मन्दिरको शोभा बन्न सक्ने थिएन। कुनै कडा पत्थर मूर्तिकारको घन र छिनोको प्रहार सहँदासहँदा जब सुन्दर प्रतिमामा परिणत हुन्छ, तब मात्र उसले मन्दिरमा प्रवेश पाउँछ। मानिसहरूले उसको पूजा, अर्चना गर्छन्। पत्थरको यही सहनशीलताले नै उसलाई देव प्रतिमाका रूपमा पूजनीय तथा वन्दनीय बनाएको हुन्छ। पुजारीको कुरा सुनेपछि फूल मुसुक्क मुस्कुरायो। कठिन परीक्षा सफलतापूर्वक पार गर्न सक्नेले मात्र देवत्व प्राप्त गर्न सक्दो रहेछ भन्ने उसले बुझ्यो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पाकिस्तानको निर्वाचनले सिकाएको पाठ

पाकिस्तानमा सम्पन्न निर्वाचनमा प्रतिस्पर्धा गर्न प्रतिबन्धित गरी, निर्वाचन चिह्नसमेत खोसिएको इमरान खानको पार्टीले नयाँ इतिहास रचेको छ। सारा जालझेल, धाँधली र अवरोधका बाबजुद स्वतन्त्र रूपमा उम्मेदवारी दिन बाध्य बनाइएका उनका नेताहरूले स्वतन्त्र उम्मेदवारीबाटै अविश्वसनीय नतिजा निकालेका छन्। यसले जनप्रिय हुन सक्दा सारा राज्यसत्ताको तिकडम र दमनका बाबजुद लोकप्रिय हुन र निर्वाचन जित्न सकिन्छ भन्ने नयाँ उदाहरण प्रस्तुत भएको छ। नेपालका नयाँ दलले इमरान खान र उनको पार्टीको लोकप्रियताबाट धेरै कुरा सिक्न सक्छन्। राज्यसत्ताको दुरुपयोग गरेरै मात्र निर्वाचन जित्न सकिँदैन भन्ने सन्देश पनि पाकिस्तानमा सम्पन्न पछिल्लो निर्वाचनले दिएको छ। आफ्नो निष्ठा र अडान नछोड्ने हो भने जनतामा लोकप्रिय हुन सकिन्छ। जनताको भावनालाई आत्मसात् गर्न र त्यसको सराहना भने गर्न सक्नुपर्छ।

● **भवबहादुर थापा**, मैतीदेवी, काठमाडौं

पन्छिने प्रवृत्ति पुरानै हो

अख्तियार र कानुनी छिद्र देखाएर जिम्मेवारीबाट प्रशासनिक नेतृत्व पन्छिने प्रवृत्ति आम बन्दा सेवाग्राहीले दुःख मात्रै पाउने हुन थालेको छ। कर्मचारी भएर, राज्यको तलबभत्ता खाएर जिम्मेवारी लिएपछि त्यो पूरा गर्नैपर्छ। पैसा नआउने देखेपछि अलिकति पनि जोखिम नलिने, ठूलो रकम आउने देखे जस्तोसुकै जोखिम लिने हाम्रा कर्मचारीको पुरानै रोग हो। पछिल्लो समय यसमा बढोत्तरी भएको मात्रै हो।

● **शुक्रवीर तामाङ**
सिन्धुली

सामूहिक भ्रष्टाचार चिन्ताको विषय

कैलालीको टीकापुर नगरपालिकाको सरकारी जग्गा नक्कली कागजात खडा गरी व्यक्तिका नाममा लैजाने कार्यमा संलग्न २४९ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेछ। सुन तस्करी, शरणार्थी काण्ड र भिजिट भिसा प्रकरणजस्ता सामूहिक भ्रष्टाचारका काण्डहरूको निकै ठूलो शृंखला आइसकेको छ। मुलुकमा सामूहिक भ्रष्टाचार व्याप्त र ग्राह्य हुनु ज्यादै चिन्ताको विषय हो।

● **बद्रीनारायण श्रेष्ठ**
कालिमाटी, काठमाडौं

‘गफ’लाई व्यवहारमा परिणत गर्नुस्

शुक्रबार नेपाली कांगेसका महामन्त्री गगन थापाले ‘भ्रष्टाचारी र ठग ‘भिआइपी’ हुँदैन। दोषी उम्कनुभएन, निर्दोष फस्नु हुन्न’ भनेछन्। तर, उनकै पार्टीका ‘भिआइपी’हरू यतिखेर नक्कली भुटानी शरणार्थीदेखि विभिन्न प्रकरणमा मुछिएका छन्। पार्टीले उनीहरूलाई बचाउन हरसम्भव प्रयास गरिरहेको कसैबाट छिपेको छैन। गगनकै पार्टीका केही ‘भिआइपी’लाई यतिखेर अख्तियारले खोजिरहेको समाचार दिनहुँ आउँछन्।

महामन्त्री थापा निकै वाक्पटु र चलाख नेता हुन्। उनी गफ दिन निकै माहिर पनि छन्। तर, उनको ‘गफ’लाई सहजै पत्याइहाल्न भने गाह्रो लाग्छ। राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका नयाँ चुनौतीले सुशासनलाई नारा बनाएकैले अहिले महामन्त्री थापाले सुशासनलाई पार्टीले मन्त्र बनाएर अगाडि बढाउनुपर्ने ‘गफ’ दिन थालेका हुन्। रास्वपालगायत नयाँ पार्टीहरूले काङ्ग्रेसलगायत स्थापित पार्टीलाई गतिलो टक्कर दिएपछि यतिखेर पुराना पार्टी अत्तालिएका छन्। उनीहरू अहिले संविधानमाथि नै प्रहार हुन थालेको भनेर जनतामा भ्रम सिर्जना गर्ने प्रयत्न गर्दै छन्। यति संविधानमाथि प्रहार साँच्चै हुन थालेको हो भने पनि यो यिनै पुराना पार्टीहरूको अकर्मण्यता र कुकर्महरूले हो। त्यसको जिम्मेवारी उनीहरूले नै लिनुपर्छ। मिठो, उत्तेजक र राम्रो भाषण गर्दैमा अब जनताले पत्याउँदैनन्। आफ्ना गफलाई आफ्नो व्यवहारमा परिणत गर्नुस्। जसरी रास्वपाका सुमनालगायतका सांसदले हरेक विधेयकको मिहिन अध्ययन गरेर समाधानसहित संसद्मा प्रस्तुत हुन्छन्, तपाईंलाई पनि त्यसरी नै प्रस्तुत हुन केले रोकेको छ महामन्त्रीद्वय ? हरेक बदमासीमा किन चुपचाप ? किन आफ्नो गर्जन देखाउनुहुन्न ? तर, तपाईं यसो गर्न सक्नुहुन्न। परिबन्धबाट ननिस्कँदासम्म तपाईंका कुरा केवल गफ मात्रै हुने जोखिम छ।

● **विवेक प्रसाई**, भक्तपुर

इरान र पाकिस्तान युद्ध गर्न गइरहेका हुन् ?

तनाव बढ्दै गएको र छद्म शक्ति यस क्षेत्रभर फैलिएकाले अबका घटनाक्रम के हुने हुन् भनेर आकलन गर्न गाह्रो हुँदै गइरहेको छ



देश / विदेश

● साहिद जाबेद बुर्का

के बृहत् मध्यपूर्वी द्वन्द्वमा पाकिस्तान पनि घसेटिएको हो ? यसको उत्तर इरानमा भर पर्छ। इरानका छद्म समूहले गाजा, लेबनान र यमनमा मात्रै क्षेत्रीय तनाव बढाइरहेको छैन, इरानले मित्रवत् सम्बन्ध रहेका भनिएका मुलुक सिरिया, इराक र पाकिस्तानका हमलावर सशस्त्र समूहलाई समेत ढाडस दिएको छ। आणविक शक्तिसम्पन्न हुन खोजिरहेको इरानले हालै आणविक शक्ति राष्ट्र पाकिस्तानको भूमिमा मिसाइल र ड्रोन आक्रमण गर्नु चिन्ताजनक हो।

सिरिया, इराक र पाकिस्तानमा गरिएको हमलालाई इरानले जवाफी कारबाहीको संज्ञा दिएको छ। इरानका अनुसार यी तीन मुलुकमा इरानविरोधी गतिविधि भइरहेका थिए। उदाहरणका लागि इरानी सहर केर्मनमा भएको आत्मघाती बम हमलापछि इरानले सिरियामाथि हमला गरेको थियो। एक हिसाबले यो नौलो विषय भने होइन। इरान र यसका छद्म समूहले वर्षौंदेखि इस्लामिक स्टेट (आइएसआइएस) विरुद्ध संघर्ष गर्दै आएको छ। सिरियाली राष्ट्रपति बसर अल-असद आफैँ आइएसआइएससँग युद्ध लड्न इरानमा निर्भर थिए। वास्तवमा असदले आइएसआइएसविरुद्धका अमेरिकी, इजरायली र टर्किस हमलाबाट लाभ लिएका छन्।

तर, इराकी सहर तथा कुर्दिस्तानको राजधानी इर्बिलमा भएको इरानी हमला इजरायलले सजाय दिन गरिएको थियो। इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्सका जनरल अमिर अलि हजिजदेहले इरानको राष्ट्रिय टेलिभिजनमा १६ जनवरीका दिन इजरायलले इरानको आणविक भट्टीमा हमला गर्न र आणविक वैज्ञानिक हत्या गर्न इर्बिलमा कार्यालय सञ्चालन गरेको जनाएका छन्। ‘हामीले यसको सामना गर्नैपर्थ्यो र सहिदका रगतको बदला लिनै गर्नुपर्थ्यो नै,’ हजिजदेहले भनेका छन्।

त्यसैगरी इरानका विदेशमन्त्री होसेन अमिर-अब्दोल्लाहियाले सोही दिन पाकिस्तानको अस्थिर बलुचिस्तान प्रान्तमा सुन्नी अतिवादी समूहको तालिम केन्द्रलाई निसाना बनाएको जनाएका छन्। इरानीहरू जैस अल-अदल भन्ने समूहले पाकिस्तानसँगको इरानी सीमामा हमला गर्छ भन्नेमा विश्वास गर्छन्। जैस अल-अदलले हालै ११ इरानी अधिकारी हत्या गर्ने गरी हमला गरेको थियो। अदलको स्थापना सन् २०१२ मा भएको थियो। यो संगठन सुन्नी लडाकु संगठन जुन्दल्लाह समूह समाप्त भएपछि जन्मेको संस्था हो। जुन्दल्लाह समूह त्यतिबेला पतनउन्मुख भएको थियो, जब यसका नेता अब्दोलमालेक रिगीलाई सन् २०१० मा इरानले गिरफ्तार गरेर मृत्युदण्ड दिएको थियो। सन् २०२१ मा आइआरजिसीले जैस अल-अदलको कब्जामा परेका दुई इरानी अधिकारीलाई छुटाउन सीमापार कारबाही चलाएको थियो।

गत महिना इरानी हमलापछि विश्लेषक अहमद कुरैसीले ‘पाकिस्तान यो घटनामा प्रतिक्रियारहित हुन सक्दैन। तर, जवाफी कारबाही एकदमै छिटो हुनेछ र त्यसले मानिसलाई आश्चर्यचकित बनाउनेछ’ भनी चेतावनी दिएका थिए। र, भयो पनि यस्तै। १८ जनवरीका दिन पाकिस्तानले इरानका लडाकु समूहमाथि हवाई हमला गऱ्यो, जसमा नौजना मारिएका थिए।

पाँच सय ५९ माइलको सिमाना भएको इरान र पाकिस्तानले एक-अर्कालाई लडाकु समूहलाई आश्रय दिएको आरोप लगाउँदै आएका छन्। पाकिस्तानले लामो समयदेखि इरानले बलुचिस्तानका पृथक्तावादी समूहलाई आश्रय दिएको आरोप लगाउँदै आएको छ। सन् २०१७ मा पाकिस्तानले बलुचिस्तान प्रान्तमा एक इरानी ड्रोनलाई खसालेको थियो। तर, हालैको घटनाले पाकिस्तानी हतासाको आगोमा घिउ थपेको छ। इरान आफ्ना शत्रुलाई आफ्नो इच्छाअनुसार हमला गर्न सक्षम छ भन्नेमा विश्वस्त छ। इरानी रक्षामन्त्री मोहम्मद रेजा



तस्बिर : मजिद सइदी/गेटी इमेजेस

अस्तियानीले राज्य सञ्चालित मिडियामा ‘हामी मिसाइल शक्ति हौँ’ भनेका थिए। मिडियामा उनले ‘जहाँ कोही इस्लामिक गणतन्त्र इरानलाई खतरामा पार्ने कोसिस गर्छन् भने हामी तत्कालै प्रतिक्रिया जनाउनेछौँ र प्रतिक्रिया निश्चित रूपमा समानुपातिक, कडा र निर्णायक हुनेछ’ भनेका थिए। तसर्थ इरानको हालैको मिसाइल हमलाले इरानको शक्तिशाली हतियार प्रणालीको प्रदर्शन पनि गर्छ। सन् २०२२ मा मात्रै ल्याइएको ‘खेइबर सेकन’ मिसाइललाई गत महिना प्रयोग गरिएको थियो। यसले एक हजार चार सय ५० किलोमिटर दूरीमा हमला गर्न सक्छ, अर्थात् यो दूरी इजरायलमा हमला गर्न पर्याप्त छ।

इरानले सन् १९८० को दशकमा लिबिया र उत्तर कोरियाबाट ल्याएको कच्चा स्कड मिसाइलको हतियार भण्डारण गरेयता लामो यात्रा तय गरिसकेको छ। आज इरानले आफ्नै मिसाइल डिजाइन र निर्माण गर्छ। यी मिसाइल इरानको बृहत् सैन्य र विदेश नीतिको केन्द्रबिन्द

पाकिस्तानको निर्वाचनमा इमरान शतकनजिक

केन्द्रीय संसद्को २६५ सिटका लागि भएको निर्वाचनमा शनिबार रातिसम्म २५४ को नतिजा आउँदा इमरान खान समर्थक ९३ उम्मेदवार विजयी

एजेन्सी

पाकिस्तानमा बिहीबार सम्पन्न आमनिर्वाचनमा कुनै पनि दलले बहुमत हासिल गर्न सकेनन् । हाल जेलमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानको दल 'पाकिस्तान तहरिक-ए-इन्साफ (पिटिआई)' समर्थित ९२ स्वतन्त्र उम्मेदवारले जित हासिल गरेका छन् । यो ११ सिटको अन्तिम नतिजा आउन बाँकी हुँदाको परिणाम हो । चुनावअघि निर्वाचन आयोगले दलको मान्यता खोसेपछि यस दलका नेताले स्वतन्त्र उम्मेदवारका रूपमा लड्नुपरेको थियो । जितसँगै पिटिआई समर्थित स्वतन्त्र सांसदको समूह पाकिस्तानको केन्द्रीय संसद् (राष्ट्रिय सभा) मा सबैभन्दा ठूलो एकल समूह बनेको छ । पिटिआईविरुद्ध देशको शक्तिशाली सेनाले तीव्र कानुनी अभियान चलाउँदासमेत उसले राम्रो प्रदर्शन गरेको छ । 'पिटिआईले सामाजिक सञ्जाललाई उसको प्रभाव घट्न नदिई कायम राख्न प्रयोग गर्न सकेको देखियो,' न्युयोर्कस्थित एसिया साउथ पोलिसी इन्स्टिच्युटका साउथ एसिया इनिसियटिभका निर्देशक फरवा आरमेरले भने ।



पाकिस्तान तहरिक-ए-इन्साफ (पिटिआई) समर्थक
९३



पाकिस्तान मुस्लिम लिग नवाज (पिएमएल-एन)
७३



पाकिस्तान पिपुल्स पार्टी (पिपिपि)
५४

अन्य साना दल र स्वतन्त्रहरू ३७ सिटमा विजयी



मतगणनामा धाँधली भएको भन्दै पेसावर सहरको मतदानस्थलबाहिर विरोध प्रदर्शन गर्दै पिटिआई समर्थक

पिटिआईका कतिपय नेताले गिरफ्तारीबाट जोगिँदै उम्मेदवारी दिएका थिए । त्यस्तो स्थितिमा समेत तिनले चुनाव लड्दा पनि कुनै पनि प्रतिद्वन्द्वी दलभन्दा बढी सिट जिते । पिटिआईले गत वर्ष मे महिनाअघि आह्वान गरेको प्रदर्शनमा भिडले सेनाको मुख्यालयमा आक्रमण गरेको मुद्दामा सो दलका अधिकांश नेताले आतंकवादविरोधी मुद्दा खेपिरहेका छन् । उनीहरूविरुद्ध अदालतमा मुद्दा चलिरहेको छ । भ्रष्टाचारसम्बन्धी मुद्दामा इमरान खानलाई सेनाले पक्राउ गरेपछि उक्त प्रदर्शन र हिंसात्मक घटना घटेको थियो । त्यसपछि खान र उनका सहकर्मीलाई साहबाज सरिफको तत्कालीन प्रशासनविरुद्ध विद्रोह गर्ने प्रयास गरेको र सेनाको उच्च कमान्डविरुद्ध विद्रोह गर्न खोजेको आरोप लाग्यो । यी सब अवरोधका बाबजुद पिटिआईले उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तको आफ्नो आधार क्षेत्रका लगभग सबै केन्द्रीय संसद्को सिट जितेको छ । सो परिणाम अपेक्षित नै थियो । अनपेक्षित परिणाम पन्जाब प्रान्तमा देखिएको छ । राष्ट्रिय सभाको कुल २६६ सिटमध्ये लगभग आधा सिट रहेको यस प्रान्त लामो समयदेखि सरिफको आधार रहेको छ । तर, यसपटकको चुनावमा पन्जाब प्रान्तका भन्डै आधा सिट पिटिआईले समर्थन गरेका उम्मेदवारले जितेका छन् वा अगाडि छन् ।

यसपटकको निर्वाचनमा कुल मतदातामध्ये ४२ प्रतिशतले मात्र आफ्नो मत जायर गरेको निर्वाचन आयोगले जनाएको छ, जुन २००८, २०१३ र २०१८ को भन्दा धेरै कम थियो । यसमा चुनावको पूर्वसन्ध्यामा भएका हिंसात्मक घटनामा दर्जनौंको मृत्यु, पिटिआईका नेताविरुद्ध भएको कानुनी दमन र दबिएको चुनावी प्रचारको भूमिका भएको विश्लेषण भइरहेको छ । चुनावमा दोस्रो धेरै सिट 'पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन)'ले ल्याएको छ । ७१ सिट जितेको पिएमएल-एनका नेता नवाज सरिफलाई यसपटक सेनाले प्रधानमन्त्रीको रूपमा हेर्न चाहेको पाकिस्तानी राजनीतिक वृत्तमा व्यापक चर्चा चलेको छ । पिटिआईका उम्मेदवारहरू स्वतन्त्र सांसद भएकाले यस निर्वाचनमा आफ्नो दल सबैभन्दा ठूलो भएको नवाजले दाबी गरिसकेका छन् । उनको नेतृत्वमा सरकार बन्नका लागि ५३ सिट जितेर तेस्रो दल बनेको पूर्वराष्ट्रपति आसिफ अली जरदारीको पार्टी पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) र अन्य साना दलले समर्थन दिनुपर्नेछ । तथापि त्यसरी बन्ने गठबन्धन सरकार चुनावअघिकै जस्तो कमजोर हुने विश्लेषण छ । आगामी सरकारले देशले जुधिरहेको आर्थिक संकटबीच अन्तर्राष्ट्रिय मुद्राकोष र चीनसँग आर्थिक सहायता प्याकेजको वार्ता गर्नुपर्नेछ ।

तीनपटक प्रधानमन्त्री नवाज सरिफले उनको दल पिएमएल-एन र जरदारीको पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) को गठबन्धन बनाउन सफल भए पनि त्यसलाई लामो समय टिकाउन कठिन हुनेछ । विशेषतः सरिफ र जरदारीबीचको लामो समयदेखिको प्रतिस्पर्धाले त्यो गठबन्धन कुनै वेला पनि टुट्न सक्छ । दुवै नेताको सेनाको नेतृत्वको संस्थापनसँग जटिल सम्बन्ध रहेको इतिहास छ । यही सम्बन्धमा उतारचढाव आउँदा विगतमा पिएमएल-एन र पिपिपीको नेतृत्व सरकार विभिन्न समय ढलेका छन् । त्यसअतिरिक्त सरिफ र जरदारी केही समय जेलसमेत परे । यसका लागि सेनाले कहिलेकाहीं एकलाई अर्कोविरुद्ध प्रयोग गरेको थियो ।

'अर्थतन्त्रलाई अहिलेको गम्भीर संकटबाट बाहिर निकाल्न आवश्यक कठोर निर्णय लिने सरकारको आवश्यकता पर्छ । अहिलेको कमजोर गठबन्धनबाट त्यस्तो निर्णय लिन कठिन भएकाले राजनीतिक स्थायित्व सम्भव हुँदैन,' बेलायत, अमेरिका र संयुक्त राष्ट्रका लागि पूर्वपाकिस्तानी राजदूत रहेका मलिहा लोधीले भनिन् । पाकिस्तान सन् २०२३ को पहिलो हिस्सामा भन्डै श्रीलंकाले भोगेको स्थितिमा पुगेको थियो । अन्तिम समयमा भुक्तानी सन्तुलन मिलाउन आइएमएफसँगको लामो र कठिन वार्ता सफल भएपछि ऊ त्यो स्थितिबाट बचेको थियो । आइएमएफबाट पैसा निकासी नभएसम्म उसको घनिष्ट मित्र देश चीनले (जो उसको सबैभन्दा ठूलो ऋणदाता मुलुक हो) सात अर्ब डलरको सस्तो ब्याजको ऋण पुनः वित्तीयकरण दिलाएको थियो । चुनावअघि टेलिभिजन अन्तर्वार्तामा पिएमएल-एनका उपनेता (नवाज सरिफका भाइ) सहबाज सरिफले उनको दलको नेतृत्वमा सरकार बने सबैभन्दा उच्च प्राथमिकतामा आइएमएफसँग नयाँ आर्थिक सहायताका लागि नयाँ वार्ता सुरु हुने बताएका थिए ।

इतिहासमा आज



सन् १९९० : २७ वर्ष लामो जेल जीवनपछि आजकै दिन दक्षिण अफ्रिकाका अश्वेत तथा रंगभेदविरोधी नेता नेल्सन मन्डेला रिहा भए । नेता मन्डेलाको रिहाइ दक्षिण अफ्रिकामा रंगभेदबाट प्रजातान्त्रिक कदममा एउटा संक्रमणकालीन समय थियो । रिहाइलगत्तै मन्डेलाले तत्कालीन राष्ट्रपति एफडब्लु डी क्लर्कसँग वार्ता गरेका थिए । त्यसपछि दक्षिण अफ्रिकामा रंगका आधारमा हुने विभेद अन्त्य भएको घोषणा गरिएको थियो ।

- **सन् १९७५ :** मार्गरेट थ्याचर ब्रिटिस कन्जरभेटिभ पार्टीको पहिलो महिला नेतृ बनिन् । थ्याचरले सन् १९७९ मा भएको आमनिर्वाचनमा विजयी भएपछि बेलायतको प्रधानमन्त्री बनिन् । उनी युरोपकै पहिलो महिला प्रधानमन्त्री हुन् ।
- **सन् १९७९ :** आयोतोल्लाह खमेनीले इरानमा शक्ति नियन्त्रणमा लिए । फ्रान्सको निर्वासनबाट भव्य स्वागतका साथ स्वदेश फर्किएको केही दिनपछि इरानी सेनाले आत्मसमर्पण गरेको थियो ।
- **सन् २०११ :** ३० वर्षसम्म सत्तामा रहेका होस्नी मुबारकले थेग्ने नस्कने आन्दोलनपछि सन् २०११ को ११ फेब्रुअरीमा इजिप्टको राष्ट्रपतिबाट राजीनामा दिन बाध्य भए । अरब क्रान्तिको एउटा अंशको रूपमा इजिप्टमा फैलिएको आम प्रदर्शनपछि मुबारकले जनताको शक्तिसामु घुँडा टेकेका थिए ।

हाइटीको हिंसामा हजारभन्दा बढी हताहत : राष्ट्रसंघ

पोर्ट अउ प्रिन्स/ हाइटीमा भएको सामूहिक हिंसामा जनवरीमा एक हजार १०० भन्दा बढी व्यक्ति हताहत भएका छन् । संयुक्त राष्ट्रसंघले उक्त जानकारी दिएको हो । संयुक्त राष्ट्रसंघका मानवतावादीले शुक्रबार हाइटीका प्रमुख सहरमा बढ्दो अशान्तिबारे गहिरो चिन्ता व्यक्त गरेका छन् । मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघको कार्यालय (ओसिएचए) ले संयुक्त अधिकारीलाई उद्धृत गर्दै राजधानी पोर्ट-ओ-प्रिन्स र अन्य प्रमुख सहरमा हताहतको संख्या पछिल्लो दुई वर्षमा सबैभन्दा बढी रहेको जनाएको छ ।सडक अवरोध र आवागमन प्रतिबन्धले स्वास्थ्य सेवाकर्मीलाई असर गर्ने तथा आवश्यक सामाजिक सेवाको पहुँचमा सम्झौता गर्नुपर्ने मानवअधिकारकर्मीले बताएका छन् । उनीहरूका अनुसार सडक र बन्दरगाहसम्म पुग्न कठिनाइ हुँदा जीवन-रक्षक राहतको वितरणलाई पनि असर गरेको छ । विभागको एउटा मानवीय संस्थालाई पनि लुटिएकाले आगामी दिनमा यसको सञ्चालनमा ठूलो असर पार्ने कार्यालयले जनाएको छ । विरोध कार्यक्रम र प्रदर्शनका कारण जनवरीको मध्यसम्ममा पोर्ट-ओ-प्रिन्स र अन्य सहरी क्षेत्रसहितका स्थानमा एक हजारभन्दा बढी विद्यालय अस्थायी रूपमा बन्द गरिएका थिए ।

अफिस/गोदाम भाडामा

मैसेपाटीमा १ वटा ग्राडी र ६/७ वटासम्म मोटरसाईकल पार्किङ गर्न मिल्ने २ वटा गोदाम (करिब ४ हजार स्वायर फिट) तथा ३ बाथरुमसहितको ८ कोठाको दुईतले घर कार्यालय प्रयोजनका लागि भाडामा उपलब्ध छ ।

सम्पर्क: ९८४१ ८६८४१७
नोट: भाडा आपसी समझदारीमा

सच्याईएको सम्बन्धमा

मिति २०८०/१०/०२ मा 'कारोबार' र २०८०/१०/२६ मा 'नयाँ पत्रिका' राष्ट्रिय दैनिक पत्रिकामा **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड**को तर्फबाट प्रकाशित गरिएको १४ र ७ दिने धितो रासेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सूचना मुतावित ऋणीको विवरणमा ऋणीको नाम बुद्ध दुध संकलन तथा बिक्री केन्द्र र उक्त ऋणीको निम्न विवरण हुनुपर्नेमा अन्यथा भएकोले अन्य विवरण यथावत रहने जारी मात्र सच्याइएको व्यहोरा जानकारी गराईन्छ ।
बुद्ध दुध संकलन तथा बिक्री केन्द्र :
प्रा.फ.र.न : ४२५२०/०७५
सियारी गा.पा. ०२, रुपन्देही
NIMB

मोटरसाइकल हरायो

मिति २०८०/१०/४ गते अ.२०:०० बजेको समयमा काठमाडौं जिल्ला च.न.पा.-१४, नैकाप डुंगेअड्डामा पार्किङ गरिराखेको लु. ५६ प ८२७२ नम्बरको रातो कालो रंगको पल्सर २०० एनएस मोटरसाईकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।
नाम : लक्ष्मण गौतम
च्यासिस नं.: MD2A36FY6KCF95947
इन्जिन नं. : JLYCKF86786
सम्पर्क : 9802342346

अमेरिका | ५ वर्षको मल्टिपल भिषा*

दशै, तिहार, क्रिसमस र नयाँ वर्षको दुर प्याकेज सुरू

- एक्लै या परिवार संगै जान मिल्ने
- स्पोन्सरशिप र कुनैकागजपत्र नचाहिने
- जुनसुकै उमेर समुहकाले अप्लाई गर्न मिल्ने
- साधारण पढाई, लेखाईले पनि अप्लाई गर्न मिल्ने
- सामान्य खर्चमा जान मिल्ने

आटिलो इन्टरनेशनल प्रा.लि.
कलंकी, काठमाडौं (मकालु पेट्रोलपम्प नजिक)
फोन नं.: ०१-५२२४२४०, ९८५११५२७१२, ९८१०१५२९१११

सबैको लघुवित्त वित्तीय संस्था लि.
Sabaiko Laghubitta Bittiya Sanstha Ltd.
(Class "D" Microfinance Financial Institution Licensed by Nepal Rastra Bank)

Head Office :
Bandipur-1, Dumre, Tanahun
Phone: 065-580407/580427

Unaudited Financial Result (Quarterly)

As at the end of Second Quarter (2080/09/29) of the fiscal year 2080/081

Condensed Statement of Financial Position

As on Quarter Ended 29 Poush 2080

Rs in'000'

Particular	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalent	290,188.61	161,449.92
Statutory Balances and Due from Nepal Rastra Bank	-	-
Placement with Banks & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loan & advances to customers	3,990,701.38	4,302,162.97
Investment Securities	-	-
Current Tax Assets	12,160.53	-
Investment Property	-	-
Property and Equipment	47,938.77	68,267.78
Goodwill and Intangible assets	569.85	909.61
Deferred tax assets	5,960.08	1,943.98
Other assets	79,470.14	33,098.09
Total Assets	**4,426,989.37**	**4,567,832.34**
Liabilities		
Due to Bank & Financial Institutions	2,742,625.21	2,645,160.95
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	1,212,377.22	1,393,979.59
Borrowing	-	-
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	73,157.82	129,783.71
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**4,028,160.25**	**4,168,924.24**
Equity		
Share Capital	318,600.00	270,000.00
Share Premium	-	-
Retained Earnings	-11,628.65	12,615.67
Reserves	91,857.76	116,292.43
Total Equity	**398,829.11**	**398,908.10**
Total Liabilities & Equity	**4,426,989.37**	**4,567,832.34**

Condensed Statement of Profit or Loss

For the Quarter Ended 29 Poush 2080

Rs in'000'

Particular	Current Year		Previous Year	
	This Quarter	Up to This Quarter(YTD)	This Quarter	Up to This Quarter(YTD)
Interest Income	144,485.42	260,794.22	166,833.17	292,493.68
Interest Expense	99,665.33	195,210.58	111,378.71	220,693.07
Net Interest Income	**44,820.09**	**65,583.64**	**55,454.46**	**71,800.61**
Fees & Commission Income	866.27	950.77	590.09	767.25
Fees & Commission Expense	-	-	1,055.32	2,315.32
Net Fee & Commission Income	**866.27**	**950.77**	**-465.22**	**-1,548.07**
Net Interest, Fee & Commission Income	**45,686.35**	**66,534.41**	**54,989.24**	**70,252.55**
Net Trading Income	-	-	-	-
Other Operating Income	24,395.30	37,165.90	14,360.95	27,666.55
Total Operating Income	**70,081.65**	**103,700.31**	**69,350.19**	**97,919.09**
Impairment (Charge)/ reversal for loans & other losses	440.31	-87.87	-758.00	23,154.09
Net Operating Income	**70,521.96**	**103,612.45**	**68,592.19**	**121,073.19**
Personnel Expenses	36,002.29	74,956.12	37,730.89	77,259.06
Other Operating expenses	11,450.80	18,056.80	14,123.53	21,319.30
Depreciation & Amortization	3,793.07	7,586.14	2,913.54	5,827.07
Finance cost on lease liability	1,127.27	2,254.53	929.16	1,925.59
Operating Profit	**18,148.53**	**758.85**	**12,895.07**	**14,742.17**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit before Income Tax	**18,148.53**	**758.85**	**12,895.07**	**14,742.17**
Income Tax Expense	-	-	**3,868.52**	**4,422.65**
Current tax	-	-	3,868.52	4,422.65
Deferred tax	-	-	-	-
Provision for staff bonus	-	-	-	-
Profit for the period	**18,148.53**	**758.85**	**9,026.55**	**10,319.52**
Condensed Statement Of Comprehensive Income				
Profit For the Period	**18,148.53**	**758.85**	**9,026.55**	**10,319.52**
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**18,148.53**	**758.85**	**9,026.55**	**10,319.52**
Basic Earning Per Share	22.79	0.48	13.37	7.64
Diluted Earning Per Share	22.79	0.48	13.37	7.64
Profit For the Period	**18,148.53**	**758.85**	**9,026.55**	**10,319.52**

Ratios as per NRB Directive:

Particular	Current Year		Previous Year	
	This Quarter	Upto This Quarter(YTD)	This Quarter	Upto This Quarter(YTD)
Capital Fund to RWA		8.70%		9.20%
Non-Performing Loan (NPL) to Toal Loan		4.72%		3.08%
Total loan Loss Provision to Total NPL		30.93%		33.29%
Cost of Funds		10.47%		11.13%
Credit to Deposit and Borrowing Ratio		333.87%		308.62%
Base Rate		16.16%		15.96%
Interest Rate Spread		4.51%		3.83%

Statement Of Distributable Profit or loss

For the Quarter Ended 29 Poush 2080

Rs in'000'

Particular	NPR
Net Profit for the period end 2nd Quarter	**758.85**
1. Appropriations	
1.1 Profit required to be appropriated to:	
a. General Reserve	151.77
b. Capital redemption reserve	
c. Foreign exchange fluctuation fund	
d. Corporate Social Responsibility	7.59
e. Employee training fund	
f. Client Protection fund	7.59
g. Other	
1.2 Profit or (loss) before Regulatory Adjustments:	**591.90**
Regulatory Adjustment	
a. Interest receivable (-)/previous accrued interest received (+)	-18,378.65
b. Short loan loss provision in accounts (-)/reversal (+)	
c. Short provision for possible losses on investment (-)/reversal (+)	
d. Short loan loss provision on Non-Banking Assets (-)/reversal (+)	
e. Deferred tax assets recognized (-)/ reversal (+)	
f. Goodwill recognized (-)/ impairment of Goodwill (+)	
g. Bargain purchase gain recognized (-)/reversal (+)	
h. Actuarial loss recognized (-)/reversal (+)	
i. Other (+/-)	
Distributable Profit or Loss	**-17,786.74**

Notes to interim Financial Statements:

1. The above figures are subject to change as per the direction of the Regulators and/or External Auditors.
2. The interim financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards as issued by the Accounting Standards Board, Nepal and the carve out issued by ICAN.
3. Loan and advance to Customers are presented net amount of impairment allowances.
4. Loan and advance to Customers are loans to employees, which are measured at amortized costs.
5. Figures has been rearranged and regrouped wherever necessary.

ब्याजदर	
निक्षेपमा: वार्षिक ७.५० देखि १३ प्रतिशत सम्म	कर्जामा: वार्षिक १० देखि १५ प्रतिशत सम्म

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व २०८०/२०८१ को दास्रो त्रैमासिक विवरण

१. **वित्तीय विवरण :**
क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:** यसै साथ प्रकाशित गरिएको छ ।
ख) **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मुल्य	तरलता अनुपात प्रतिशत
०.४८	१,३५४.०० गुणा	रु.१२५.१८	रु.१,३८९.५१	१६.६७%

२. **व्यवस्थापकीय विश्लेषण :**
क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:** आ.व. २०८०/८१ को यस त्रैमासिक अवधीमा वित्तीय क्षेत्रमा देखिएको तरलताको अभावले गर्दा संस्थाले लिएको लक्ष्य अनुसारको व्यवसाय विस्तार हुन सकेन । शाखाहरुमा अपेक्षाकृत कर्जा लगानी बृद्धि हुन नसकी प्रशासनिक खर्च केही बढेको र बैंक तथा वित्तीय संस्थाहरु संग लिइएको कर्जाको ब्याजदर पनि अधिक रहेको कारण संस्थाको आम्दानीमा प्रत्यक्ष प्रभाव परेको छ ।
ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको सुरु देखिने वित्तीय पहुंच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढिरहेको छ । हाल देशका ७ वटै प्रदेशहरुमा ४३ जिल्लामा बिभिन्न स्थानहरुमा ९० वटा शाखा कार्यालयहरु मार्फत ७५,६५६ घरपरिवारमा गुणस्तरीय लघुवित्तीय कारोबार मार्फत सेवा दिदै आइरहेको छ । चालु आ.व. मा वित्तीय पहुँच कम पुगेका ग्रामिण क्षेत्रमा गुणात्मक रुपमा कार्यक्रम विस्तार गर्ने नीति रहेको छ ।
ग) **विगतको अनुभववाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:** वित्तीय श्रोतको परनिर्भरता, अपर्याप्तता, विपन्न वर्ग कर्जामा उच्च ब्याजदर वृद्धि, लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, लघुवित्त बिरोधी विभिन्न संगठित अराजक तत्वहरु, एउटा संस्थाका कर्मचारी तथा ग्राहकहरु अर्को संस्थाले लाने प्रवृती बढेको आदि समस्याको कारण लक्ष्य अनुसार प्रगती हासिल गर्न चुनौती देखिएको छ । तर पनि उपरोक्त चुनौतीहरुको शुक्ष्म अध्ययन गरी संस्थाले नयाँ रणनीतिका साथ अगाडी बढ्ने नीति लिएको छ ।

३. **कानुनी कारबाही सम्बन्धी विवरण :**
क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको छैन ।
ख) यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्धमा प्रचलित नियम कानुनको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।
ग) कुनै संस्थापक वा संचालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**
क) शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्वद्ध निकायहरुलाई उपलब्ध गराउनुपर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।
ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण देहाय बमोजिम रहेको छ ।

शेयरको अधिकतम् मुल्य	शेयरको न्युनतम् मुल्य	अन्तिम मुल्य	कारोबार भएको दिन	कारोबार संख्या
६९२.२०	५२२.६०	६४५.००	४९	१,००१

५. **समस्या तथा चुनौती :**
क) बिभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जामा प्राप्त हुने लगानी योग्य रकमको अप्रयाप्तता,
ख) बैंक तथा वित्तीय संस्थाहरुले कर्जामा लिने ब्याजदरमा अत्याधिक बृद्धि,
ग) लघुवित्त बिरोधी बिभिन्न संगठित अराजक तत्वहरुले गर्दा कर्जाको नियमित सांवा र ब्याज असुलीमा समस्या,
घ) लघुवित्त संस्थाहरुका ऋणी सदस्यहरुमा देखिएको कर्जाको दोहोरोपना,
ङ) यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, दक्ष जनशक्तिको अभाव,
च) निति निर्देशनको परिवर्तनका कारण कारोबारमा संकुचन,
छ) कर्मचारी माथि भौतिक कार्यवाही,
ज) अप्रत्यासित रुपमा आइपर्ने प्राकृतिक प्रतिकुल अवस्था ।

६. **संस्थागत सुशासन :**
क) वित्तीय संस्थाले आफ्नो काम कारोवार चुस्त दुरुस्त छिटो छरितो एवं संस्थागत सुशासनका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति सुद्धिकरण अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ ।
ख) नेपाल राष्ट्र बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनहरुको साथै प्रचलित ऐनहरु: कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन, २०६३, आयकर ऐन २०५८ लगायतका सम्बन्धित ऐन र कानूनको परिपालना गरिएको छ ।
ग) यस वित्तीय संस्थाले संस्था संचालनका लागि आवश्यक पर्ने बिभिन्न बिनियमावली, कार्यविधीहरु बनाई लागु गरिएको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त बनाउन आन्तरिक लेखापरीक्षण बिभाग खडा गरी उक्त बिभागबाट दिइएका सुझावहरुलाई कार्यान्वयन गर्दै लगिएको छ ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २८ माघ ०८०

प्रसारणलाइनको नयाँ डिजाइनमै अल्झियो एमसिए नेपाल

पुरानो डिजाइनमा बजेटभन्दा ६५ प्रतिशत बढी न्यूनतम वित्तीय प्रस्ताव परेपछि २६ असोजमा टेन्डर खारेज, नयाँको अझै छैन टुंगो

मिलन विश्वकर्मा / नयाँ पत्रिका

मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपालले प्रसारणलाइन निर्माणको नयाँ टेन्डर प्रक्रियामा जान ढिलाइ गरेको छ। यसअघिको डिजाइनमा प्रसारणलाइन बनाउँदा लागत बढ्ने भएपछि टेन्डर रद्द गरेको चार महिना पुगेको छ। तर, नयाँ डिजाइनमै अल्झिँदा एमसिए नेपालले नयाँ टेन्डर आह्वान गर्न सकेको छैन। फलस्वरूप इन्ट्री इन्टु फोर्स (इआइएफ) मा प्रवेश गरिसकेको परियोजना समयमै बन्नेमा चुनौती थपिएको छ।

यसअन्तर्गत लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा (११७ किमि), रातमाटे-न्यु दमौली (९० किमि), न्यु दमौली-न्यु-बुटवल (९० किमि) र न्यु बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारणलाइनको नेपाल खण्ड (१८ किमि) गरेर चार सय केभी डबल सर्किटको तीन सय १५ किमिको प्रसारणलाइन बनाइँदै छ। यसको निर्माणमा २२ करोड ६ लाख डलर बजेट छुट्याइएको छ। तर, त्यो बजेटभन्दा ६५ प्रतिशत बढी ३६ करोड ५९ डलरको न्यूनतम वित्तीय प्रस्ताव परेपछि एमसिए नेपालले २६ असोजमा यसअघिको टेन्डर रद्द गरेको थियो। मुख्यतः डिजाइनकै कारण लागत बढ्ने भएपछि टेन्डर रद्द गरिएको थियो। तर, नयाँ टेन्डर भने अझै आह्वान भएको छैन।

एमसिए नेपालले नयाँ पत्रिकाको जिज्ञासामा लिखित जवाफ पठाउँदै नयाँ टेन्डरको प्रक्रिया अघि बढाउन आवश्यक तयारीको चरणमा रहेको जानकारी दिएको छ। 'हामीले सञ्चालक समितिको नेतृत्व र अर्थ मन्त्रालयको सहायतामा पुनः टेन्डरका लागि आवश्यक कदम चाल्दै छौं। नयाँ डिजाइन र पुनः टेन्डर आह्वान गर्ने प्राविधिक प्रक्रिया हो। तसर्थ, सुपरिवेक्षण इन्जिनियरलाई डिजाइनको परिधि र निर्माणका प्रावधानबारे पुनरावलोकन गर्न जिम्मा दिएका छौं। त्यसले मुख्यतः ठेक्काको लागतलाई सम्बोधन गर्नेछ,' एमसिए नेपालले उपलब्ध गराएको लिखित सूचनामा उल्लेख छ।

समग्रमा लागत नबढ्ने गरी प्रसारणलाइनको डिजाइन र निर्माण प्रावधान पुनरावलोकन गर्न लागेको बताइएको छ। संशोधित डिजाइनलाई समावेश गरेर यो वर्षको सुरुवाती समयमै पुनः टेन्डर आह्वान गरिने एमसिए नेपालको भनाइ छ। सम्भवतः डिजाइन एन्ड बिल्ड मोडलमा टेन्डर आह्वान गरिनेछ।

एमसिएका अनुसार नेपालको प्राथमिकता तथा आवश्यकता र अन्तर्राष्ट्रिय मापदण्डको सुनिश्चितता हुने गरी प्रसारणलाइनको नयाँ डिजाइन गरिनेछ। अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) तथा एमसिसीको मार्गदर्शन र नेपालको प्राथमिकता तथा आवश्यकतालाई सन्तुलनमा ल्याउने गरी नयाँ डिजाइन बनाइनेछ।



तोकिएकै समयमा निर्माण सम्पन्न हुन्छ : एमसिए नेपाल

२९ अगस्ट ०२८ भित्रै परियोजनाहरूको निर्माण सम्पन्न हुने एमसिए नेपालको जिकिर छ। ठेक्का सम्झौता भएपछि कार्यक्षेत्रमा परिचालनका लागि दुई महिना, पूर्वइन्जिनियरिङ कार्यका लागि पाँच महिना, त्यसपछि निर्माण कार्यका लागि तीन वर्ष समय लाग्ने भएकाले निर्धारित समय समाप्त हुनुअघि नै आयोजनाको निर्माण सम्पन्न गर्ने हुने एमसिए नेपालको दाबी छ।

'जग्गा प्राप्ति एमसिए-नेपालको प्राथमिकता हो र हामी यससँग सम्बन्धित सबै कामलाई तीव्रता दिइरहेका छौं। क्षतिपूर्तिको दर निर्धारण गर्ने काम पनि अन्तिम चरणमा छ। एमसिए-नेपालले हाल कम्प्याक्टको अपेक्षित समयरेखाअनुसार सबस्टेसन सम्झौताको मूल्यांकन पूरा गरिरहेको छ। एमसिए नेपालले प्रसारणलाइनको पुनः डिजाइनलाई अन्तिम रूप दिन सुपरभाइजरी इन्जिनियरसँग काम गरिरहेको छ,' एमसिए नेपालद्वारा लिखित जवाफमा भनिएको छ, 'सकेसम्म चाँडो खरिद प्रक्रिया सुरु हुनेछ। एमसिसी नेपाल कम्प्याक्ट कार्यक्रम समयमै, बजेटभित्र र एमसिए-नेपाल र एमसिसीको वातावरणीय र सामाजिक मापदण्डअनुसार परियोजना कार्यान्वयन गर्न प्रतिबद्ध छ।'

यसअघिको टेन्डरमा प्रस्ताव भएको रकमलाई समेत सम्बोधन हुने गरी डिजाइन पुनरावलोकनको प्रक्रिया अघि बढाएको एमसिए नेपालको भनाइ छ।

यस्तै, उपलब्ध बजेट र तोकिएकै समयमा प्रसारणलाइन बनाउने एमसिए नेपालको प्रतिबद्धता छ। 'दिएकै बजेट र तोकिएकै समयमा प्रसारणलाइन बनाउनेमा हामी प्रतिबद्ध छौं। एमसिए नेपाल र एमसिसीको वातावरणीय र सामाजिक मापदण्डभित्र रहनेसमेत हाम्रो प्रतिबद्धता छ, एमसिएले उपलब्ध गराएको सूचनामा भनिएको छ, 'यसबारे योजना तय हुनेबित्तिकै आगामी कार्ययोजनाबारे जानकारी गराउनेछौं।' अमेरिकी संस्था मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)को ५० करोड डलर अनुदान र नेपाल सरकारको १९.७ करोड डलर लगानीमा प्रसारणलाइनसहित तीन परियोजना बन्दै छन्।

यसअन्तर्गत रातमाटे, तनहुँ जिल्लाको दमौली र पश्चिम नवलपरासी-पश्चिम भुमहीमा ४००/४०० केभी क्षमताका सबस्टेसन निर्माण गरिँदै छ। साथै, महेन्द्र राजमार्गमा भालुवाङबाट पश्चिमतर्फ ४० किमि खण्डसहितका सडक विशेष रूपमा मर्मत गरिँदै छ।

सम्झौताअनुसार कार्यान्वयन सुरु भएको पाँच वर्षमा परियोजन बनिसक्नुपर्नेछ। गत ३० अगस्ट ०२३ (१३ भदौ ०८०) मा कार्यान्वयन अर्थात् इन्ट्री इन्टु फोर्स (इआइएफ)मा प्रवेश गरेका यी परियोजनाहरू पाँच वर्षभित्र बनिसक्नुपर्नेछ। नभए एमसिसीले बाँकी (खर्च नभए)को पैसा पठाउनेछैन। परियोजना कार्यान्वयनमा प्रवेश गरेको पाँच महिना भइसकेको छ। तर, मुख्य परियोजनाका रूपमा हेरिएको प्रसारणलाइनको टेन्डर रद्द हुने र पुनः टेन्डर गर्न पनि ढिलाइ गर्दा समयमै काम सकिने विषयमा चुनौती देखिएको छ।

■ सबस्टेसनको टेन्डरमा प्राविधिक मूल्यांकन अन्तिम चरणमा

एमसिए नेपालले सबस्टेसन निर्माण टेन्डर पेस गरेका कम्पनीको प्राविधिक मूल्यांकन अन्तिम चरणमा पुगेको बताएको छ। अब छिट्टै यसको नतिजा प्रकाशन गरेर वित्तीय मूल्यांकनको चरणमा प्रवेश गरिने एमसिए नेपालको भनाइ छ।

१० चैत ०७९ देखि २ कात्तिक ०८० सम्मको अवधि राखेर आह्वान गरिएको टेन्डरमा भारतको पाँच, साउदी अरेबियाको एक र टर्की तथा अफगानिस्तानको संयुक्तमा एक गरी सात कम्पनीले टेन्डर हालेका छन्। सबस्टेसन निर्माणमा एमसिए नेपालले चालू र पुँजीगत गरेर नौ करोड ९० लाख डलर छुट्याएको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

०२४ मध्यमा सडकको टेन्डर

एमसिए नेपालले सडक मर्मतको टेन्डर भने ०२४ को मध्यमा हुने जानकारी दिएको छ। पूर्व-पश्चिम राजमार्गको दाङको धान खोलादेखि लमहीसम्मको ४० किमि सडकको डिजाइन कार्य र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अन्तिम चरणमा रहेको एमसिए नेपालको भनाइ छ। यस खण्डलाई फुल डेप्थ रिक्लेमेसन र सुपरपेभको नयाँ प्रविधि प्रयोग गरेर मर्मत गरिनेछ।

यसैगरी, सडक विभागसँग सहमति भएका विभिन्न स्थानको सडक मर्मत गर्नका लागि डिजाइन कार्य र परामर्शदाता नियुक्त गर्न कागजात तयार भइरहेको एमसिए नेपालको लिखित जवाफमा उल्लेख छ।

■ ६ महिनामा जग्गा प्राप्ति सुरु गर्ने प्रतिबद्धता

परियोजना कार्यान्वयनमा प्रवेश गर्दा एमसिए नेपालले प्रसारणलाइनका लागि जग्गा प्राप्ति गर्न सकेको छैन। एमसिसीअन्तर्गत बन्ने सबस्टेसन र सडकका लागि चाहिने जग्गा यसअघि नै नेपाल सरकारले प्राप्ति गरिसकेको छ। तर, यसअन्तर्गतको सबैभन्दा ठूलो परियोजना प्रसारणलाइनलाई चाहिने जग्गा भने एमसिए नेपालले खरिद गर्नुपर्नेछ। तर, अबको ६ महिनामा नौ जिल्लामा जग्गाको मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गरेर प्राप्तिको प्रक्रिया अघि बढ्ने एमसिए नेपालको लिखित जवाफमा उल्लेख छ। जग्गा प्राप्तिमा उलेख्य प्रगति भएको एमसिए नेपालको जिकिर छ।

यसमा टावरका लागि एक सय चार हेक्टर जग्गा प्राप्ति गर्नुपर्नेछ। साथै, प्रसारणलाइनमुनि पर्ने १३ सय ४७ हेक्टर जग्गाका लागि क्षतिपूर्ति दिएर भोगाधिकारसम्बन्धी सम्झौता गर्नुपर्नेछ। त्यसका लागि मकवानपुर, धादिङ, चितवन, नुवाकोट, पाल्पा, तनहुँ, सिन्धुपाल्चोक, नवलपरासी र नवलपुरमा गरेर नौ जिल्लामा जग्गा प्राप्तिको प्रक्रिया अघि बढेको छ। तर, काठमाडौंमा भने अझै जग्गा प्राप्तिको प्रक्रिया सुरु गरिएको छैन।

एमसिएका अनुसार नौ जिल्लामा जग्गा प्राप्तिका लागि सार्वजनिक सूचना जारी भइसकेको छ। प्रमुख जिल्ला अधिकारी र क्षतिपूर्ति निर्धारण समितिको बैठकले तयार गरेको प्रारम्भिक कार्य प्रतिवेदनका आधारमा उक्त सूचना जारी गरेको एमसिएको जवाफमा उल्लेख छ। हाल क्षतिपूर्ति निर्धारण समितिअन्तर्गतका उपसमितिले लालपुर्जा प्रमाणीकरण गर्ने काम गरिरहेको छ। क्षतिपूर्ति निर्धारणका लागि प्राविधिक प्रतिवेदनसमेत तयार भइरहेको एमसिएको लिखित जवाफमा उल्लेख छ। योसँगै सामुदायिक तहमा पुनर्स्थापनाको योजनालाई सार्वजनिक गर्ने तयारी रहेको बताएको छ।

'समयमै क्षतिपूर्ति निर्धारण गर्न समितिहरूले आवश्यक प्रक्रिया अघि बढाएका छन्। आगामी ६ महिनाभित्र क्षतिपूर्ति निर्धारण गर्दै जग्गा प्राप्ति कार्य सुरु गर्ने हाम्रो लक्ष्य हो,' एमसिएको जवाफ छ।

यस्तै, राइट अफ वे (प्रसारणलाइनमुनि) का जग्गाहरूको पनि विवरण संकलन गर्ने काम भइरहेको एमसिएको भनाइ छ। 'नौ जिल्लामा क्षतिपूर्ति निर्धारण समिति स्थापना भइसकेको छ। उक्त समितिहरूले राइट अफभित्रका जग्गासम्बन्धी सम्पूर्ण काम सम्पन्न गर्न सक्रिय रूपमा काम गरिरहेका छन्,' एमसिए नेपालको लिखित जवाफमा उल्लेख छ। ठेक्का सम्झौताभन्दा अघि जग्गा प्राप्तिको अधिकांश काम सकिने सम्भावना रहेको स्रोतको दाबी छ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कटारी, उदयपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/१०/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	
सुर्जमान माझीको नाति, दान बहादुर माझीको छोरा, उदयपुर जिल्ला, साविक त्रिवेणी गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ बस्ने **कमल बहादुर माझी** (ना.प्र.नं. ७२६/२८६, जारी मिति २०४५/०२/१३, जि.प्र.का. उदयपुर)।	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. दान बहादुर माझीको नाति, कमल बहादुर माझीको छोरा, उदयपुर जिल्ला, साविक त्रिवेणी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ बस्ने **अशोक माझी** (ना.प्र.नं. १४२०३७/५५७, जारी मिति २०७०/०६/०८, जि.प्र.का. उदयपुर)।	२. कमल बहादुर माझीको बुहारी, संजय माझीको पत्नी, उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ बस्ने **डोल्मा तामाङ** (ना.प्र.नं. १४२०३६/७२१४, जारी मिति २०७३/०७/३०, इ.प्र.का. कटारी, उदयपुर)।
३. कमल बहादुर माझीको बुहारी, अशोक माझीको पत्नी, उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ बस्ने **कल्पना सुनुवार** (ना.प्र.नं. १४-०२-७६-०२०४१, जारी मिति २०७६/१०/१६, ई.प्र.का. कटारी, उदयपुर)।	४. दान वहादुर माझीको बुहारी, कमल वहादुर माझीको पत्नी, उदयपुर जिल्ला, साविक त्रिवेणी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ बस्ने **फुल मायाँ माझी** (ना.प्र.नं. १४/०७/०३७/११२, जारी मिति २०६३/१०/१५, जि.प्र.का. उदयपुर)।
५. दान वहादुर माझीको नातिनी, कमल वहादुर माझीको छोरी, उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ बस्ने **प्रतिक्षा माझी** (ना.प्र.नं. १४-०२-७६-००२८९, जारी मिति २०७६/०२/०६, ई.प्र.का. कटारी, उदयपुर)।	६. सुर्जमान माझीको बुहारी, दान वहादुर माझीको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी ग.पा/न.पा. वडा नं. १ बस्ने **श्याम कुमारी माझी** (ना.प्र.नं. ८१०, जारी मिति २०४३/०९/२४, जि.प्र.का. उदयपुर)।
७. दान वहादुर माझीको नाति, कमल बहादुर माझीको छोरा, उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ बस्ने **संजय माझी** (ना.प्र.नं. १४२०३६/४३६१, जारी मिति २०७२/०४/२०, जि.प्र.का. कटारी)।	
धितोको विवरण	
सुर्जमान माझीको नाति, दान वहादुर माझीको छोरा, उदयपुर जिल्ला, साविक त्रिवेणी गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ बस्ने कमल बहादुर माझी (ना.प्र.नं. ७२६/२८६, जारी मिति २०४५/०२/१३, जि.प्र.का. उदयपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ६ हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १ स्थित कि.नं. ३४ को क्षेत्रफल ०-७-०-० (विघा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank
शाखा कार्यालय : कटारी, उदयपुर
फोन : ०३५-४५०४३४
Website : www.siddharthabank.com

निजी क्षेत्रसँग सम्बन्धित बजेटको साढे १६ प्रतिशत बुँदामा शून्य प्रगति

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ को बजेटमा घोषणा गरिएका निजी क्षेत्रसँग सम्बन्धित बुँदाहरूको कार्यान्वयन सुस्त देखिएको छ। दोस्रो त्रैमास सकिँदा बजेटको साढे १६ प्रतिशत बुँदामा शून्य प्रगति देखिएको छ भने ७४ प्रतिशत बुँदामा आंशिक प्रगति देखिएको छ। जम्मा साढे ९ प्रतिशत बुँदा मात्रै पूर्ण कार्यान्वयनमा गएको नेपाल उद्योग परिसंघले गरेको 'बजेट वाच'ले देखाएको हो।

परिसंघले आर्थिक पत्रकार समाज (सेजन)सँगको सहकार्यमा निजी क्षेत्र तथा अर्थतन्त्रसँग सम्बन्धित बजेटका ७३ बुँदामाथि गरेको अर्धवार्षिक समीक्षामा परिसंघले बजेट कार्यान्वयनमा सुधार देखिए पनि सन्तोषप्रद नरहेको औंल्याएको छ।



'चालू आवको दोस्रो त्रैमासको अन्त्यसम्म आइपुग्दा बजेटमा घोषणा भएका बुँदाहरूबाट परिसंघले प्राथमिकतामा राखेका ७४ प्रतिशत बुँदा आंशिक कार्यान्वयनमा गइसकेको देखिन्छ, यो उत्साहजनक छ, किनकि अघिल्लो वर्ष समग्र आर्थिक वर्षभरि ४७ प्रतिशत बुँदा मात्रै आंशिक कार्यान्वयनको चरणमा पुगेका थिए,' परिसंघको प्रतिवेदनमा उल्लेख छ, 'तर, पूर्ण कार्यान्वयनमा आएका ११ प्रतिशत बुँदा बजेट घोषणालगत्तै कार्यान्वयनमा जाने करसँग सम्बन्धित र आर्थिक वर्षको पहिलो दिनबाटै कार्यान्वयनमा जाने कम्पनीसँग सम्बन्धित रहेका छन्, यसर्थ बजेटको समग्र कार्यान्वयनप्रति भने सन्तोष मान्न सकिने अवस्था नरहेको देखिन्छ।'

बजेटमा राम्रा योजना तथा कार्यक्रम आउने, तर कार्यान्वयनको अवस्था निकै कमजोर रहने अनुभव गरिएको परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले बताए। 'बजेटमा घोषणा भएका निजी क्षेत्र र आर्थिक समृद्धिसँग सम्बन्धित ७३ वटा बुँदालाई दृष्टिगत गर्दा गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको बजेट कार्यान्वयनमा केही सुधार आएको देखिएको छ,' उनले भने, 'शून्य प्रगति भएका बजेटका बुँदा दोस्रो त्रैमासको अन्त्यसम्म आइपुग्दा १६ प्रतिशतमा झरेको छ।'

बजेटको सफल कार्यान्वयनबाट नै पुँजीगत खर्च बढ्ने, समग्र अर्थतन्त्रको विस्तार हुने हुँदा बजेटको सफल कार्यान्वयन अति महत्त्वपूर्ण रहेको सिएनआइईका अध्यक्ष अग्रवालले बताए। बजेटमार्फत राखिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न पुँजीगत खर्च बढाउनुपर्ने उनको भनाइ छ। 'चालू आर्थिक वर्षको सात महिना पूरा हुने लाग्दा पुँजीगत खर्च ज्यादै न्यून छ। हालसम्म २० प्रतिशत पनि पुँजीगत खर्च भएको छैन,' उनले भने, 'पुँजीगत खर्च बढ्न नसक्दा विकास निर्माणका कार्यहरू प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको हो कि भन्ने हामीले महसुस गरिरहेका छौं।' अर्थतन्त्रलाई प्रभावकारी रूपमा चलायमान बनाउन, विकास निर्माणलाई तीव्रता दिँदै समग्र आर्थिक विकासका लागि पुँजीगत खर्च बढाउनुपर्ने उनले बताए।



थोक तथा खुद्रा व्यापार क्षेत्रबाट ११ लाखलाई रोजगारी

नयाँ पत्रिका

देशभर रहेका चार लाख ९८ हजार ५८ वटा थोक तथा खुद्रा व्यापार गर्ने प्रतिष्ठानबाट ११ लाख ३० हजार ६ सय ४५ जनाले रोजगारी पाएका छन्। राष्ट्रिय तथ्यांक कार्यालयले 'नेपाल व्यापार सर्वेक्षण, ०७८' सार्वजनिक गर्दै यस्तो जानकारी दिएको हो। सर्वेक्षणअनुसार थोक तथा खुद्रा क्षेत्र अझै पनि 'पारिवारिक व्यवसाय'का रूपमै अघि बढेको छ। यो क्षेत्रमा तलब-भत्ता र अन्य सुविधा लिने कर्मचारीको तुलनामा परिवारका सदस्यहरूले कुनै सुविधा नलिई सञ्चालन गर्ने प्रवृत्ति चार गुणा बढी छ। थोक तथा खुद्रा व्यापार क्षेत्रमा तलब, ज्याला र अन्य सुविधा लिएर काम गर्नेको संख्या दुई लाख १९ हजार पाँच सय ५१ रहेको छ। जुन, कुल रोजगारी संख्याको १९.४२ प्रतिशत मात्रै हो। तलबी कामदार भएका व्यापारिक प्रतिष्ठानले तलब, ज्याला र अन्य सुविधामा प्रतिकामदार औसत वार्षिक दुई लाख आठ हजार चार सय ९४ रुपैयाँ खर्च गर्ने अध्ययनमा उल्लेख छ। सुविधा लिनेमा ४५ हजार नौजना महिला र एक लाख ७४ हजार पाँच सय ४२ पुरुष रहेका छन्।

तथ्यांक कार्यालयले ०७५ मा गरेको राष्ट्रिय आर्थिक गणनामा सूचीकृत चार लाख ९८ हजार ५८ वटा थोक तथा खुद्रा व्यापार गर्ने फर्महरूको सूचीबाट १८ हजार फर्मलाई छनोट गरी योग्य ठहऱ्याएर अध्ययनमा समावेश गरेको थियो। त्यसमध्ये पनि १५ हजार दुई सय ९९ थोक तथा खुद्रा पसलबाट तथ्यांक संकलन गरिएको हो।

६८ प्रतिशत पसल मात्रै दर्ता

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार थोक तथा खुद्रा क्षेत्रमा ६८ प्रतिशत मात्रै पसल दर्ता भई सञ्चालनमा रहेका छन्। बागमती प्रदेशमा सबैभन्दा धेरै ७५.३० प्रतिशत पसल दर्ता भएको र सबैभन्दा कम मधेश प्रदेशमा (५१.७७) प्रतिशत मात्रै दर्ता भई सञ्चालन रहेको अध्ययनले देखाएको छ।

सर्वेक्षणअनुसार बागमती प्रदेशमा सबैभन्दा धेरै एक लाख ४४ हजार चार सय ४० वटा (२९ प्रतिशत) थोक तथा खुद्रा पसल छन्। त्यस्तै, कोशीमा ८९ हजार २३ (१७.७ प्रतिशत), लुम्बिनीमा ८३ हजार ६ सय ७२ (१६.८० प्रतिशत), मधेशमा ७४ हजार २ सय २२ (१४.९० प्रतिशत), गण्डकीमा ५० हजार पाँच सय ७५ (१०.१५ प्रतिशत), सुदूरपश्चिममा ३३ हजार तीन सय ९८ (६.७१ प्रतिशत) र कर्णालीमा २२ हजार सात सय २८ (४.५६ प्रतिशत) थोक तथा खुद्रा पसलहरू सञ्चालनमा छन्।

तथ्यांकले सरकारलाई वाणिज्य नीतिमा सुधार गर्न सहयोग मिल्छ



● **डा. हेमराज रेग्मी**, प्रवक्ता, राष्ट्रिय तथ्यांक कार्यालय

यस सर्वेक्षणले विभिन्न वस्तुहरूको खरिद तथा बिक्री गर्दा हुने व्यापार अन्तर अनुमान र व्यापारिक प्रतिष्ठानहरूको रोजगारी, तलब, ज्याला, पुँजी निर्माण आदि तथ्यांक आकलन गर्नु रहेको छ। यसबाट प्राप्त नतिजाहरूको विश्लेषणबाट व्यापार क्षेत्रमा रहेको विद्यमान अवस्थाको चित्रण हुन गई सरकारलाई वाणिज्य नीतिमा सामयिक सुधार र परिमार्जन गर्न वस्तुनिष्ठ आधार तयार हुने विश्वास छ।

थोक तथा खुद्रा व्यापार क्षेत्रमा रोजगारीको अवस्था

प्रदेश	प्रतिशत
बागमती	३२.९०
कोशी	१६.८४
लुम्बिनी	१६.३७
मधेश	१४.२९
गण्डकी	९.४६
सुदूरपश्चिम	५.९२
कर्णाली	४.२१

स्रोत : नेपाल व्यापार सर्वेक्षण, ०७८

टोयोटाको यारिस क्रस हाइब्रिड नेपाली बजारमा, मूल्य एक करोड २२ लाख

नयाँ पत्रिका

टोयोटाको यारिस क्रस हाइब्रिड इलेक्ट्रिक भेहिकल नेपाली बजारमा सार्वजनिक भएको छ। टोयोटाको नेपालका लागि आधिकारिक विक्रेता युनाइटेड ट्रेडर्स सिन्डिकेटले शुक्रबार हाइब्रिड मोडल यारिस क्रस नेपालमा सार्वजनिक गरेको हो। नेपाली बजारमा यारिस क्रस हाइब्रिडको मूल्य एक करोड २२ लाख रुपैयाँ तोकिएको छ।

यस एसयुभीको लम्बाइ ४३१० एमएम, चौडाइ १७७० एमएम र उचाइ १६१५ एमएम छ। यसमा २६२० एमएम लामो ह्विलबेस र १८ इन्चको टायर रहेको छ। गाडीमा अटोमेटिक हाइबिमसहितको हेडलाइट, एलइडी डिआरएल, एलइडी फग लाइट र कनेक्टेड एलइडी टेललाइट रहेको छ। पहिलोपटक यस मोडलमा



मल्टी कलर एम्बियन्ट लाइट दिएको पनि कम्पनीले जनाएको छ।

हाइब्रिड पावरट्रेन भएकाले यसमा इलेक्ट्रिक मोटर र ४.३ एम्पियर आवरको ब्याट्री प्याक पाउन सकिन्छ। रिजेनेरेटिभ ब्रेकिङ सिस्टम रहेको गाडीमा इ-सिभिटी गियरबक्स पाउन सकिन्छ। कारमा १५ सय सिसी र चार सिलिन्डर ड्युल भिभिटी-आई इन्जिनजडित छ।

नयाँ यारिस क्रसमा २१० मिलिमिटर ग्राउन्ड क्लियारेन्स, लिथियम-आयोन ब्याट्री, प्यानोरेमिक ग्लास रुफ, १०.१ इन्चको इन्फोटेन्मेन्ट सिस्टम, ७ इन्चको मल्टी इन्फर्मेसन डिस्प्ले, ६ स्पिकर, प्यानोरेमिक ३६० डिग्री क्यामरा, इलेक्ट्रिक पार्किङ ब्रेक, अटो होल्डलगायत विशेषता रहेका छन्।

यस मोडलमा ८ वे पावर इलेक्ट्रिक ड्राइभर सिट, वायरलेस मोबाइल चार्जर, एपल कारप्ले, अन्ड्रोइड अटो र किक सेन्सरसहितको पावर टेलगेट पाउन सकिन्छ। सुरक्षाका लागि गाडीमा ६ एयरब्याग, भेहिकल स्टेबिलिटी कन्ट्रोल, एन्टी-लक ब्रेकिङ सिस्टम, इमर्जेन्सी स्टप सिग्नल, हिल स्टार्ट असिस्ट कन्ट्रोल, रिभर्स क्यामरा, फ्रन्ट र रियर दुवै साइडमा पार्किङ सेन्सरजस्ता आधुनिक फिचर छन्।

पर्यटन बोर्डको सदस्य सचिवको जिम्मेवारी देवकोटालाई



काठमाडौं/ नेपाल पर्यटन बोर्डको कार्यकारी समिति सदस्य मिलन देवकोटाले सदस्य सचिवको जिम्मेवारी पाएकी छिन्। बोर्ड कार्यकारी समितिको ३६२औं बैठकले उनलाई सदस्य सचिवको जिम्मेवारी दिने निर्णय गरेको हो।

देवकोटा पर्यटन बोर्डको पहिलो महिला सदस्य सचिव बनेकी छिन्। पर्यटन बोर्ड १६ माघदेखि कार्यकारी प्रमुखविहीन बनेको छ। पर्यटन सचिव एवं बोर्डका अध्यक्ष डा. दीपक काफ्लेले कार्यकारी प्रमुखको नियुक्ति नभएसम्म (बढीमा तीन महिना)का लागि देवकोटालाई जिम्मेवारी दिएका हुन्। पर्यटन बोर्डको कार्यकारी समितिको अध्यक्षमा पर्यटनमन्त्री रहने व्यवस्था छ। अहिले बोर्डमा तीनजना कार्यकारी सदस्य चयन गर्ने प्रक्रिया जारी छ। कार्यकारी सदस्यहरू चयनपछि बल्ल कार्यकारी प्रमुख छनोट गरिन्छ।

नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघमा भण्डारी

काठमाडौं/ नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लिमिटेडमा सुरेन्द्र भण्डारीको अध्यक्षतामा नयाँ सञ्चालक समिति चयन भएको छ। संघको शुक्रबार सम्पन्न वार्षिक साधारणसभाले भण्डारीलाई पुनः अध्यक्षमा निर्विरोध चयन गरेको हो। सञ्चालक समितिको उपाध्यक्षमा पुष्पबहादुर पौडेल, सचिव तुलसीप्रसाद सापकोटा तथा कोषाध्यक्षमा शरदकुमार महर्जन चयन भएका छन्। सञ्चालकमा कोशी प्रदेशबाट गीता पौडेल, मधेश प्रदेशबाट शम्भुलाल श्रेष्ठ, बागमती प्रदेशबाट नरेन्द्र विष्ट, गण्डकी प्रदेशबाट विपिन मल्ल, लुम्बिनी प्रदेशबाट भूपेन्द्रप्रसाद अधिकारी, कर्णाली प्रदेशबाट चन्द्रप्रसाद थानी र सुदूरपश्चिम प्रदेशबाट सुरेन्द्रकुमार शाह चयन भएका हुन्।

त्यसैगरी, खुला सञ्चालकमा प्रतिभा मुडभरी, कमला विष्ट, दिलबहादुर महर्जन, लक्ष्मणप्रसाद बिडारी, तीर्थराम डंगोल, विदुरमानसिंह बस्नेत, चन्द्रकृष्ण श्रेष्ठ र भुवनमान शाक्य चयन भएका छन्। लेखा सुपरिवेक्षण समितिको संयोजकमा भोलाप्रसाद शर्मा खरेल र दुई सदस्यमा न्युछेमाया महर्जन र राममणि तिमिल्सिनालाई चयन गरेको छ।

युनिग्लोब स्कुल र सन सेक्युरिटिजबीच सम्झौता

काठमाडौं/ सन सेक्युरिटिज (ब्रोकर नं. ६४) र युनिग्लोब सेकेन्डरी स्कुलबीच वित्तीय साक्षरता कार्यक्रम सञ्चालनका लागि सम्झौता भएको छ। सम्झौतामा सन सेक्युरिटिजले युनिग्लोब कलेज प्लस टुका विद्यार्थीलाई सेयरसम्बन्धी निःशुल्क तालिम, वर्कसप तथा सेमिनार गर्ने भएको छ।

सम्झौताअन्तर्गत युनिग्लोबका विद्यार्थी तथा तिनका परिवार र शिक्षक एवं कर्मचारीलाई डिम्याट खाता, मेरो सेयर निःशुल्क प्रदान गर्नुका साथै ब्रोकर कारोबार खाता खोल्ने सुविधा प्रदान गर्नेछ। सम्झौतामा कलेजका तर्फबाट प्रिन्सिपल डा. गणेश रेग्मी र सन सेक्युरिटिजका कार्यकारी अध्यक्ष कृष्ण गिरीले हस्ताक्षर गरेका छन्।

नेपाल व्यवस्थापन संघको अध्यक्षमा ओझा

नयाँ पत्रिका

नेपाल व्यवस्थापन संघ (म्यान)मा मोहनराज ओझाको अध्यक्षतामा नयाँ नेतृत्व चयन भएको छ। संघका अध्यक्ष उपेन्द्र पौडेलको अध्यक्षतामा बसेको संघको ४३औं वार्षिक साधारणसभाले ग्रोथ सेलर्स प्रालिका संस्थापक ओझाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो।

दुई वर्षका लागि गठन भएको कार्यसमितिको प्रथम उपाध्यक्षमा ग्लोबल आइएमई बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, द्वितीय उपाध्यक्षमा मल्टेक बैंकका चिफ कन्ट्री रिप्रिजेन्टेटिभ हेमा अधिकारी, महासचिवमा प्राज्ञ इन्द्र श्रेष्ठ, कोषाध्यक्षमा एसएसएफका कार्यकारी निर्देशक कविराज अधिकारी चयन भएको जनाइएको छ।

त्यस्तै, सदस्यहरूमा धर्मानन्द अवस्थी, अनु जोशी श्रेष्ठ, कृष्णप्रसाद आचार्य, किशोर ढुंगाना, मधु पौडेल, जितेन्द्र धिताल, सूर्यप्रसाद सिलवाल, अशोक शेरचन, चंकी क्षेत्री, राजेशकुमार पाण्डा, अजयकुमार मिश्र र महेश स्वाँर रहेको जनाइएको छ।



अवस्थीले पाए म्यानेजमेन्ट अफ द इयर अवार्ड



संघले आयोजना गर्दै आइरहेको म्यानेजमेन्ट अफ द इयर अवार्ड नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक गोकर्ण अवस्थीले प्राप्त गरेका छन्। त्यस्तै, आरती चटौतले ओमल म्यानेजर रिकग्निसन अवार्ड, पद्मलाल श्रेष्ठले लाइफ टाइम कन्ट्रिब्युसन अवार्ड र मनोज पौडेलले युथ आइकन रिकग्निसन अवार्ड प्राप्त गरेको जनाइएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय चन्द्रपुर, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/२८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साविक एन.सी.सी. बैंक लि.)को शाखा कार्यालय चन्द्रपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचिमा** नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
१. **आश महमद** ना.प्र.नं.: ४६९१ जारी मिति: २०६३/०९/२७, जि.प्र.का. रौतहट बाबु: दिलसेर मिया मंसुरी बाजे: सुबजान मिया स्थायी ठेगाना: रौतहट जिल्ला, विश्रमापुर गा.वि.स. वडा न .०२ हालको ठेगाना: रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं.०३	१. **दिलशेर मिया मंसुरी**को नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा वडा नं.०९ स्थित क्रित्ता नं ७६२ को क्षेत्रफल ०-१-० (वि-क-धु) जग्गा तथा सोमा बनेको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
व्यक्तिगत जमानीकर्ताहरुको विवरण	
१. **जाल महमद मंसुरी** ना.प्र.नं.: ५५ जारी मिति: २०५८/०४/११, जि.प्र.का. रौतहट बाबु: दिलसेर मिया मंसुरी बाजे: सुबजान मिया स्थायी ठेगाना: रौतहट जिल्ला, विश्रमापुर गा.वि.स वडा नं.२ हालको ठेगाना: रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं.३ २. **दिलशेर मिया मंसुरी** ना.प्र.नं.: ४८३८ जारी मिति: २०३६/०२/१७, जि.प्र.का. रौतहट बाबु: सुबजान मिया बाजे: अब्दुल मिया स्थायी ठेगाना: रौतहट जिल्ला, पिपरा रजबाडा गा.वि.स वडा नं. ०४ हालको ठेगाना: रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ०३	३. **रुकसना खातुन** ना.प्र.नं.: ३२:०२:७४:००१७२, जारी मिति: २०७४/०१/१७, जि.प्र.का. रौतहट बाबु: मोहरम मिया मंसुरी बाजे: दिलशेर मिया मंसुरी स्थायी ठेगाना: रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ०३ हालको ठेगाना ऐ.ऐ ४. **जैदा खातुन** ना.प्र.नं.: ०३२३०९७/७३० जारी मिति: २०६४/०१/०४, जि.प्र.का. रौतहट बाबु: फुसुदी मिया मंसुरी बाजे: दिलशेर मिया मंसुरी स्थायी ठेगाना: रौतहट जिल्ला, विश्रमापुर गा.वि.स वडा नं. ०२ हालको ठेगाना: रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ०३

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय चन्द्रपुर, रौतहट फोन नं. ०५५-५४०७५६/५७

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मिति: २०८०/१०/२८

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सिर्जना फाइनान्स लि.) को शाखा कार्यालय ईनरुवा, सुनसरीबाट सिटिजन्स फास्ट ट्राक कर्जा - आवधिक शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्राक कर्जा - आवधिक

ऋणीको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: समसुद्दीन मियाँ	१. नाम	: हमिदा खातुन
बाबु	: अमृदी मियाँ	बाबु	: मुर्तुनजा मियाँ लहेरी
बाजे	: नसी मियाँ	पति	: समसुद्दीन मियाँ
ठेगाना	: बबिया गा.वि.स. वडा नं.१, सुनसरी	ससुरा	: अमृदी मियाँ
हाल	: ईनरुवा ना.पा. वडा नं.९, सुनसरी	ठेगाना	: बबिया गा.वि.स. वडा नं.१, सुनसरी
ना.प्र.नं.	: १०९/५७	हाल	: ईनरुवा ना.पा. वडा नं.९, सुनसरी
जारी मिति	: वि.सं.२०४६/०३/०५	ना.प्र.नं.	: ३२२/५८
जि.प्र.का.	: सुनसरी	जारी मिति	: वि.सं.२०४९/०३/०८
		जि.प्र.का.	: सुनसरी
२. नाम	: असफाक आलम	३. नाम	: प्रवेज आलम
बाबु	: समसुद्दिन मियाँ	बाबु	: समसुद्दिन मियाँ
बाजे	: अमृदी मियाँ	बाजे	: अमृदी मियाँ
ठेगाना	: बबिया गा.वि.स. वडा नं.१, सुनसरी	ठेगाना	: बबिया गा.वि.स. वडा नं.१, सुनसरी
हाल	: ईनरुवा ना.पा. वडा नं.९, सुनसरी	हाल	: ईनरुवा ना.पा. वडा नं.९, सुनसरी
ना.प्र.नं.	: ०६१०३८/११९४३४	ना.प्र.नं.	: ०६-०१-६९-०९९४३
जारी मिति	: वि.सं.२०६४/०१/२५	जारी मिति	: वि.सं.२०६९/०९/२७
जि.प्र.का.	: सुनसरी	जि.प्र.का.	: सुनसरी

धितो राखिएको सम्पत्ति विवरण:

१. धितो सुरक्षण धनीको नाम:- समसुद्दिन मियाँ र हमिदा खातुन

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
१.	सुनसरी	बबिया	१/१क	४२२	०-०-१५	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
२.	सुनसरी	बबिया	१/१क	११२३	०-०-७	

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznb ank.com, ०१-५९७००६८

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

को

शाखा कार्यालय: विराटनगर, मोरङ्ग
फोन: ०२१-५२००२८/२९

शाखा कार्यालय विराटनगर, मोरङ्गको तपशिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको चल सम्पति (औजार उपकरण तथा सवारीसाधनहरु) को लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१०/२८ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय विराटनगर, मोरङ्गबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने र ७ (सात) दिने सार्वजनिक सूचनाहरु पटक-पटक प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले तथा धितोमा रहेको अचल सम्पति (घर/जग्गा)को लागि कोही कसैको बोलपत्र प्रस्ताव प्राप्त नभई यस बैंकले गैर-बैंकिङ्ग सम्पतिको रुपमा सकार गर्दा समेत सम्पूर्ण कर्जा असुलउपर नभएकोले धितोमा रहेको अचल सम्पति (औजार उपकरण तथा सवारीसाधनहरु) लिलाम बिक्री हुने सम्बन्धि यो ७ (सात) दिने अत्यन्त जरुरी सूचना प्रकाशित गरिएको छ। साथै, धितोमा रहेको अचल सम्पति बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०५/२१ मा दर्ता नं. १७४५२५/०७४/०७५ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ३, पिपलचोक स्थित **भुमि अटोमोटिभस् प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मेहर चन्द वोहराको नाति, दिनदयाल वोहराको छोरा, मोरङ्ग जिल्ला, कठहरी गा.वि.स. वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल विराटनगर महानगरपालिका वडा नं. ४, मोरङ्ग बस्ने **कृष्ण कुमार वोहरा (ना.प्र.प.नं. ०५/१६९२०, मोरङ्ग)**

२. दिनदयाल वोहराको नाति, कृष्ण कुमार वोहराको छोरा, मोरङ्ग जिल्ला, कठहरी गा.वि.स. वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल विराटनगर महानगरपालिका वडा नं. ४, मोरङ्ग बस्ने **भावेश वोहोरा (ना.प्र.प.नं. ०५-०१-६९-००७८६, मोरङ्ग)**

३. गुलाव चन्द वोहराको नाति, मेहर चन्द वोहराको छोरा, मोरङ्ग जिल्ला, कठहरी गा.वि.स. वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल विराटनगर महानगरपालिका वडा नं. ४, मोरङ्ग बस्ने **दिनदयाल वोहरा (ना.प्र.प.नं. १५२२३/१०६, मोरङ्ग)**

धितोमा रहेको चल सम्पति (औजार उपकरण तथा सवारीसाधनहरु) को विवरण

प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा चाताचात व्यवस्था कार्यालय बाग्मतीमा दर्ता रहेको तपसिल बमोजिमको औजार उपकरण तथा सवारीसाधनहरु :

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	Motor Grader-CLG414-2018	84465324	LG1414ZZCJN005883	BA 3 KA 1111
२.	Soil Compactor–CLG611-2018	1820039	LGI611ZZCJN027185	BA 3 KA 3186
३.	Soil Compactor–CLG611-2018	1820026	LGI611ZZTJN027181	BA 3 KA 3188
४.	Wheel Loader-CLG836-2019	6P189049726	CLG836Z0001801287	BA 3 KA 3389
५.	Wheel Loader-CLG836-2019	6P189049352	CLG836Z0001801321	BA 3 KA 3393
६.	Liugong Hydraulic Exavator–CLG922-2018	90036475	LGC922DCZ01700340	BA 3 KA 1431
७.	Liugong Hydraulic Exavator–CLG922-2017	73317592	LGC922DCZ01700086	BA 2 KA 7869

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०२/०३ मा दर्ता नं. १४९३९२/७२/०७३ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, साबिक विराटनगर उप-महानगरपालिका वडा नं. ३, मुनालपथ स्थित **भुमि इन्फ्रास्टक्चर प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मेहर चन्द वोहराको नाति, दिनदयाल वोहराको छोरा, मोरङ्ग जिल्ला, कठहरी गा.वि.स. वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल विराटनगर महानगरपालिका वडा नं. ४, मोरङ्ग बस्ने **कृष्ण कुमार वोहरा (ना.प्र.प.नं. ०५/१६९२०, मोरङ्ग)**

२. दिनदयाल वोहराको नाति, कृष्ण कुमार वोहराको छोरा, मोरङ्ग जिल्ला, कठहरी गा.वि.स. वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल विराटनगर महानगरपालिका वडा नं. ४, मोरङ्ग बस्ने **भावेश वोहोरा (ना.प्र.प.नं. ०५-०१-६९-००७८६, मोरङ्ग)**

३. गुलाव चन्द वोहराको नाति, मेहर चन्द वोहराको छोरा, मोरङ्ग जिल्ला, कठहरी गा.वि.स. वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल विराटनगर महानगरपालिका वडा नं. ४, मोरङ्ग बस्ने **दिनदयाल वोहरा (ना.प्र.प.नं. १५२२३/१०६, मोरङ्ग)**

धितोमा रहेको चल सम्पति (औजार उपकरण तथा सवारीसाधनहरु) को विवरण

प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा चाताचात व्यवस्था कार्यालय बाग्मतीमा दर्ता रहेको तपसिल बमोजिमको औजार उपकरण तथा सवारीसाधनहरु :

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	Tandem Roller – CC425-2019	4H3228/1820079	10200383CJE00569571018	BA 3 KA 4190
२.	Concrete Mixer – ARG04000-2020	4H3306/2020550	AF1ARG40TKL009084	Pradesh 2-03-001 Ka 783
३.	New Liugong Exavator –CLG922D-HD-2018	73341261	LGC922DCZ01700049	BA 3 KA 285
४.	New Liugong Tyred Roller –CLG6516E-2018	78471924	30D285517015	BA 3 KA 2598
५.	Backhoe Loader-TLB844S-2019	4H3302/1920278	TEP844B4HKC014890	Pradesh 2-03-001 Ka 0316
६.	Ford Figo1.2-2021	MM83666	MAJGXXMTKG-MM83666	BaPra-01-025Cha-3342

धितोमा रहेको चल सम्पति लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/१०/२८ गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय विराटनगर, मोरङ्गबाट प्राप्त गर्न सकिनेछ।

२. छुट्टाछुट्टै धितोमा रहेको चल सम्पतिको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्यारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/११/०५ गते शनिबार सार्वजनिक विदा परेकोले मिति २०८०/११/०६ गते आइतबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय विराटनगर, मोरङ्गमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।

६. शिलबन्दी बोलपत्र मिति २०८०/११/०७ गते सोमबार सार्वजनिक विदा परेकोले मिति २०८०/११/०८ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय विराटनगर, मोरङ्गमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको चल सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय विराटनगर, मोरङ्गबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्

नेपाललाई क्यानडाविरुद्धको शृंखला

कप्तान रोहितकुमार पौडेल लगातार दोस्रो खेलमा पनि चम्किँदा नेपालले एक खेलअधि नै जित्यो शृंखला

रमेश सुवेदी / नयाँ पत्रिका

नेपालले क्यानडाविरुद्ध तीन खेलको एकदिवसीय शृंखला एक खेलअघि नै जितेको छ। कप्तान रोहितकुमार पौडेल, देव खनाल र अनिलकुमार शाहको अर्धशतकको सहयोगमा नेपालले शनिबार त्रिवि मैदानमा क्यानडालाई चार विकेटले हराएको हो। योसँगै नेपालले शृंखला २-० ले अग्रता बनायो। सिरिजअन्तर्गत सोमबार अन्तिम खेल हुनेछ। नेपालको लक्ष्य 'क्लिन स्विप' हुनेछ। पहिलो खेलमा नेपालले क्यानडालाई सात रनले हराएको थियो। दोस्रो खेलमा बलर आकाश चन्दले राष्ट्रिय टोलीबाट डेब्यु गरेका छन्।

पहिलो ब्याटिङ गरेको क्यानडाले ५० ओभरमा नौ विकेट गुमाउँदै दुई सय ८५ रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले ४५.१ ओभरमा ६ विकेट गुमाउँदै लक्ष्य पूरा गरेको हो। जितपछि नेपालका कप्तान रोहितकुमार पौडेलले जित्ने विश्वासका साथ क्रिजमा ओर्लेको बताए।



तस्बिर : ज्ञानेन्द्र कार्की / नयाँ पत्रिका

रोहित, देव र अनिलको अर्धशतक

नेपालको जितमा तीन खेलाडीले अर्धशतक बनाए। कप्तान रोहित, देव र अनिलले अर्धशतक बनाएका हुन्। ओपनर अनिलले कीर्तिमानी अर्धशतकीय इनिङ्स खेले। रोहितले सर्वाधिक ८७ रन बटुले। १०१ बलमा आठ चौका र एक छक्का हिर्काए। रोहितको यो नवौँ अर्धशतक हो। देवले ७६ रन बनाए। उनले ८१ बलमा सात चौका र दुई छक्का हिर्काएका हुन्। देव र रोहितले तेस्रो विकेटका लागि एक सय ५० रनको साझेदारी गरे। नेपाललाई ६४-२ को अवस्थाबाट दुई खेलाडीले तेस्रो विकेटका लागि कीर्तिमानी साझेदारी गरेका हुन्।

दुई वर्षपछि राष्ट्रिय टोलीमा कमब्याक गरेका अनिलले १९ बलमा कीर्तिमानी ५० रन बनाएका हुन्। आसिफ शेखले २१ बलमा बनाएको अर्धशतकको कीर्तिमान अनिलले तोडेका हुन्। २५ वर्षीय अनिलको एकदिवसीयमा पहिलो अर्धशतक हुन्। अनिल र आसिफले २६ बलमा ५० रनको साझेदारी गरेका थिए।

यसअघि क्यानडाका आरोन जनसन र नभनित धालिवालीले पहिलो विकेटका लागि ९४ रनको साझेदारी गरेपछि क्यानडा बलियो स्कोर खडा गर्न सफल भयो।

हङकङ आठ विकेटले पराजित

नयाँ पत्रिका

हङकङलाई आठ विकेटले हराउँदै आइसिसी महिला प्रिमियर कप २०२४ मा नेपालले सानदार सुरुवात गरेको छ। मलेसियामा जारी प्रतियोगितामा पहिलो ब्याटिङ गरेको हङकङले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै नेपाललाई ९४ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा नेपालले १४.१ ओभरमा दुई विकेट गुमाएर ९५ रन बनाएको हो।

हङकङको खराब ब्याटिङ

कप्तान इन्दु बर्माले टस जितेर फिल्डिङ गर्ने निर्णय गरेकी थिइन्। सुरुवाती ब्याटिङ गरेको हङकङले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै ९३ रन बनायो। हङकङको इनिङ्समा कप्तान चान का यिङ केरीले सर्वाधिक २१ रन बनाएकी हुन्। त्यस्तै, मार्यम बिबीले १९, यिम्सन दास्वनीले १५, ओपनर नातसा मिलेसले ११ रनको योगदान गरे। नेपालका लागि पूजा महतो र पूर्वकप्तान रुविना क्षेत्रीले समान दुई विकेट लिएका थिए। कविता जोशी र सीता रानामगरको नाममा समान एक विकेट रह्यो।



नेपालको ब्याटिङ इनिङ्समा कप्तान इन्दु बर्माले सर्वाधिक ४० रन बनाइन्। उनले ३३ बलमा तीन चौका र एक छक्का हिकाइन्। ओपनर सीता रानामगर ३६ रनमा अविजित रहिन्। उनले ३८ बलमा समान एक चौका र छक्का प्रहार गरिन्। यसअघि ओपनर कविता कुँवर चार रनमा आउट भइन्। कुँवर आउट हुँदा नेपाल सुरुमै दबाबमा आएको थियो। दोस्रो विकेटका लागि इन्दू र सीताबीच ५९ बलमा ७६ रनको बलियो साझेदारी भएको थियो। यही साझेदारीका कारण नेपाल सहज जिततर्फ अग्रसर भयो।

एपिएफलाई मकवानपुर गोल्डकप

मकवानपुरमा **पोष्टराज अधिकारी**

एपिएफ क्लबले छैटौँ मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। हेर्टौंडाको गौरीटार रंगशालामा शनिबार भएको फाइनलमा एपिएफले न्युरोड टिम (एनआरटी) लाई सडनडेथमा पराजित गर्दै उपाधि हात पारेको हो। एपिएफले उपाधिसँगै १५ लाख र उपविजेता एनआरटीले १० लाख पाएका छन्। निर्धारित समयमा दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए। त्यसपछिको टाइब्रेकरमा समेत एपिएफ र एनआरटीले तीन-तीनको बराबरी खेलेपछि निर्णय सडनडेथबाट भयो।



एपिएफका विदेशी खेलाडी फोडे फोफनाले सडनडेथको दोस्रो पेनाल्टीमा गोल गर्दै एपिएफलाई मकवानपुर गोल्डकपमा नयाँ विजेता बनाए। सडनडेथमा दुवै टोलीबाट चारवटा प्रहार गरेका थिए। एपिएफका मणि लामा र फोफनाले गोल गरे। एनआरटीका मोहित गुरुङको प्रहारले मात्र गोल भएको थियो। एपिएफका गोलरक्षक रञ्जल श्रेष्ठले रनदीप पौडेलको प्रहार रोकेका थए।

टाइब्रेकरमा एनआरटीका लागि जय गुरुङ, प्रिसो र विवेक गुरुङले गोल गरे। सरोज तामाङ र बुद्धिमान राईको प्रहार बाहिरिएको थियो। एपिएफका एनिसेट, कुलदीप कार्की र सुमन श्रेष्ठको प्रहारले गोल भएको थियो। दिपेश धिमाल र बुद्धिमान राईको प्रहार एपिएफका गोलरक्षक प्रिसोले रोकेका थिए। एपिएफका स्ट्राइकर अनिष महर्जन प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै पाँच लाख मूल्यबराबरको बुलेट बाइक प्राप्त गरेका छन्।

खेल संक्षेप

चीनमाथि नेपालको फराकिलो जित

काठमाडौं/ नेपालको यू-२३ टोलीले मैत्रीपूर्ण फुटबल प्रतियोगितामा शनिबार चीनको क्विनझाई युथलाई ५-१ को फराकिलो अन्तरले पराजित गरेको छ। चीनको नयाँ वर्षको उपलक्ष्यमा आयोजित मैत्रीपूर्ण फुटबलमा नेपालको युवा टोलीले खेल अवधिभरि नै उत्कृष्ट प्रदर्शन गरेको थियो। खेलमा नेपालका समीर तामाङले दुई गोल गरे। छिरिङ लामा, सञ्जीव विष्ट र निराजन धामीले समान एक गोल थपेका हुन्। चिनियाँ टिमका लागि जासी पेंगकोउले एक गोल फर्काए।

सागरको कीर्तिमान

काठमाडौं/ भारोत्तोलन खेलाडी सागर भण्डारीले एसियाली सिनियर भारोत्तोलन च्याम्पियनसिपमा शनिबार नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन्। उज्वेकिस्तानको तास्केन्टमा जारी प्रतियोगिताको पुरुष १०९ केजीमाथि सागरले क्लिन एन्ड जर्कमा १७१ केजी भारवहन गर्दै नयाँ राष्ट्रिय कीर्तिमान बनाएका हुन्। उनकै नाममा १७० केजीको कीर्तिमान थियो। सो कीर्तिमान उनले चीनको हाङझाउमा भएको १९औँ एसियाली खेलकुदमा बनाएका थिए।

बिएनएको सहज जित

काठमाडौं/ स्किब्स र वसुन्धरा नेसनल एकेडेमी (बिएनए)ले प्रथम सेब अन्तरविद्यालय जुनियर पुरुष बास्केटबल प्रतियोगितामा शनिबार जित हात पारेका छन्। आयोजक सेबको कोर्टमा स्किब्सले पिपुल्स एकेडेमीलाई १५-१० ले पराजित गऱ्यो। बिएनएले आयोजक सेबलाई २७-२० ले हरायो। अर्को खेलमा इबिएले सेबलाई ४१-३८ ले पराजित गऱ्यो।

जोरपाटीलाई उपाधि

कास्की/ जोरपाटी भेट्टान काठमाडौं र संगम भेट्टान पोखराले तेस्रो एट ए साइड भेट्टान फुटबल प्रतियोगिताको उपाधि जितेका छन्। जोरपाटीले ४० वर्षमाथि र संगमले ५० वर्षमाथि उमेर समूहको उपाधि हात पारेका हुन्। प्रतियोगिताको शनिबार भएको फाइनलमा जोरपाटीले नागस्वेती भेट्टान हेर्टौंडालाई सडन डेथमा ८-७ ले पराजित गरेको थियो। जोरपाटीले दुई लाख र नागस्वेतीले एक लाख पुरस्कार पाए। ५० वर्षमाथि संगमले आयोजक बगर भाइखलकलाई २-१ ले हरायो। संगमले उपाधिसँगै एक लाख र बगरले ५० हजार रुपैयाँ जितेका छन्। प्रतियोगितामा नागस्वेतीका कृष्ण शाक्य सर्वोत्कृष्ट खेलाडी भए।

कतारले रक्षा गऱ्यो एसिया कप उपाधि

एजेन्सी

आयोजक कतारले एसिया कप फुटबल प्रतियोगिताको उपाधि रक्षा गरेको छ। प्रतियोगिताको शनिबार लुसियल रंगशालामा भएको उपाधि भिडन्तमा कतारले जोर्डनमाथि ३-१ को सानदार जित निकाली लगातार दोस्रोपटक उपाधि हात पारेको हो। दुईपटक उपाधि जित्ने राष्ट्रमा दक्षिण कोरिया र कतार रहेका छन्। जापानले सर्वाधिक चारपटक उपाधिमाथि कब्जा जमाएको छ।



कतारका स्ट्राइकर अफिफले ह्याट्रिक गरेका थिए। उनले तीन वटै गोल पेनाल्टीद्वारा गरेका हुन्। उनले खेलको २२औँ मिनेटमा पहिलो पेनाल्टी गोल गर्दै कतारलाई १-० को अग्रता दिलाए। पहिलो हाफमा एक गोललले अगाडि रहेको कतार दोस्रो हाफमा दबावमा देखिएको थियो। खेलको ६७औँ मिनेटमा अल निमातले जोर्डनलाई १-१ को बराबरीमा पुऱ्याए। खेलको ७३औँ मिनेटमा कतारले दोस्रो पेनाल्टी पायो। यसपटक पनि अफिफले सहजै गोल गरे। अन्तिम पाँच मिनेटको अतिरिक्त समयमा अफिफले नै पेनाल्टीमा गोल गर्दै कतारलाई च्याम्पियन बनाए।

नेशनल लघुवित्त वित्तीय संस्था लि.

NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LTD.

राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त लघुवित्त वित्तीय संस्था

केन्द्रीय कार्यालय, बनेपा नगरपालिका वडा नं.१०, काभ्रेपलाञ्चोक, फोन : ०११-६६५५७२,६६५५७३
Email : info@nationalmicrofinance.com.np,
Website : www.nationalmicrofinance.com.np

Unaudited Financial Statements

Condensed Statement of Financial Position As on Quarter Ended 29th Paush 2080 (14/01/2024)

Rs in "000"

Particulars	This Quarter Ending	Immediate Previous Year Quarter Ending
Assets		
Cash and Cash Equivalent	1,420,468	613,494
Statutory Balances and due from Nepal Rastra Bank	83,287	86,187
Placement with Banks & Financial Institutions	-	-
Derivatives Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loan and Advances to Customer	18,365,978	16,753,433
Investment Securities	2,510	2,510
Current Tax Assets	-	14,984
Investment in subsidiaries	-	-
Investment in Associates	-	-
Investment Property	-	-
Property and Equipment	101,414	104,558
Goodwill and Intangible Assets	191,925	191,925
Deffered Tax Asssets	30,531	30,531
Other Assets	73,674	18,251
Total Assets	**20,269,787**	**17,815,872**
Liabilities		
Due to Banks and Financial Institutions	-	-
Due to Nepal Rastra Banks	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	5,240,714	4,523,950
Borrowings	11,491,967	9,871,371
Current Tax Liabilities	1,351	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	783,224	777,058
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total liabilities	**17,517,256**	**15,172,379**
Equity		
Share Capital	1,084,206	1,084,206
Share Premium	-	-
Retained Earnings	403,933	303,948
Reserves	1,264,392	1,255,338
Total equity attributable to equity holders	**2,752,531**	**2,643,493**
Non-controlling interests	-	-
Total equity	**2,752,531**	**2,643,493**
Total Liabilities and Equity	**20,269,787**	**17,815,872**
Net worth value per share	253.88	243.82
Value of assets per share	1,869.55	

Condensed Statement of Profit and Loss As on Quarter Ended 29th Paush 2080 (14/01/2024)

Rs in "000"

Particulars	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	605,537	1,154,655	407,964	814,797
Interest Expense	401,461	801,478	243,903	491,770
Net Interest Income	**204,076**	**353,177**	**164,061**	**323,027**
Fee and Commission Income	62,837	117,593	40,507	84,032
Fee and Commission Expense	4,991	10,851	6,674	13,636
Net Fee and Commission Income	**57,845**	**106,742**	**33,833**	**70,397**
Net Interest, Fees and Commission	**261,921**	**459,919**	**197,895**	**393,423**
Net Trading Income	-	-	-	-
Other Operating Income	1,046	54,915	7,984	63,222
Total Operating Income	**262,967**	**514,835**	**205,878**	**456,645**
Impairment Charge/(reversal) for Loans	30,644	39,021	(1,193)	4,214
Net operating income	**232,323**	**475,814**	**207,071**	**452,431**
Operating Expense				
Personnel Expenses	118,452	235,552	68,408	146,392
Other Operating Expenses	40,828	84,755	51,893	70,873
Depreciation & Amortization	2,849	6,652	2,062	4,228
Operating Profit	**70,194**	**148,855**	**84,707**	**230,939**
Non-Operating Income	-	-	-	-
Non-Operating Expense	-	-	-	-
Profit before Income Tax	**70,194**	**148,855**	**84,707**	**230,939**
Income Tax Expense	21,058	44,657	25,412	69,282
Current Assets	21,058	44,657	25,412	69,282
Deferred Tax	-	-	-	-
Profit for the Period	**49,135**	**104,199**	**59,295**	**161,657**
Condensed Statement of Comprehensive Income				
Profit for the period	49,135	104,199	59,295	161,657
Other Comprehensive Income	-	-	-	-
Total comprehensive income	**49,135**	**104,199**	**59,295**	**161,657**
Per share income				
Basic earning per share (Basic EPS)		19.22		55.57
Diluted earning per share (Diluted EPS)		19.22		55.57

Ratio as per NRB Directives

Particulars	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA	-	12.63%	-	13.72%
Non Performing Loan (NPL) to Total Loan	-	3.74%	-	2.97%
Total Loan Loss Provision to Total NPL	-	70.37%	-	89.41%
Cost of Funds	-	9.85%	-	10.77%
Credit to Deposit & Borrowing Ratio	-	355.48%	-	351.80%
Base Rate	-	14.25%	-	14.75%
Interest rate spread	-	3.29%	-	3.54%

Interest rate on deposits & Loan & Advance

1. Deposits : 7.5% to 13.26% **2. Loan : 12 % to 15%**

Statement of Distributable Profit and Loss For the Quarter Ended 29th Paush 2080

Rs in "000"

Particulars	Upto this Quarter
Net Profit for the period end Quarter	104,199
Appropriations	
1.1 Profit required to be appropriated to:	
a. General Reserve	(20,840)
b. Foreign Exchange Fluctuation Fund	
c. Capital Redemtion Reserve	
d. Corporate Social Responsibility	(1,042)
e. Employee Trainning Fund	
f. Client Protection Fund	(1,042)
g. Other-Employee Welfare Fund	
Profit or Loss before regulatory adjustment	**81,275**
a. Interest receivable (-)/previous accrued interest received (+)	
b. Short loan loss provision in accounts (-)/reversal (+)	
c. Short provision for possible losses on investment (-)/reversal (+)	
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	
e. Deferred tax assets recognised (-)/ reversal (+)	
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	
g. Bargain purchase gain recognised (-)/resersal (+)	
h. Acturial loss recognised (-)/reversal (+)	
i. other	
Profit or Loss for the quarter end paush 29, 2080 available for distribution	**81,275**
Profit brought forward from Previous Years	303,948
Previous year's declared dividend distributed this year (Share + Cash)	-
Net Profit for the period end available for distribution	**385,223**

Notes to interim financial statements:

1. The above figure are subject to change as per the direction of the regulators and or external auditors.
2. The interim financial statements have been prepared in accordance with Nepal Financial Reporting Standard (NFRS) as issued by the accounting Standard Board, Nepal and applied the carve out issued by ICAN.
3. Loan and advances to MFIs are presented as a net amount of impairment allowances and includes staff loans.
4. Actuary valuation will be done for employment service benefits.
5. The previous period's figures have been reclassified, restated, and regrouped wherever necessary for comparability and consistent.
6. The interim Financial Statement has been updated in https://nationalmicrofinance.com.np/
7. Personnel Expenses includes staff bonus allocated as per rule.
8. Previous period figures are regrouped/rearranged/restated wherever necessary for proper presentation & comparision.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित) आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक विवरण

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिकिरण)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
रू १९।२२	६०।८१	रू २५३।८८	रू १८६९।५५	८।९९

२. व्यवस्थापकीय विश्लेषण :

(क) **यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : यस अवधिमा यस वित्तीय संस्थाको मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापनले अनुमान गरे अनुरूप नै सन्तोषजनक रुपमा वृद्धि रहेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्थापनाको शुरुदेखिनै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्देश्यले नेपाल भरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडि बढिरहेको छ। यस संस्थाले महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ती गरी मिति २०७८/०३/३० देखि एकीकृत कारोबार सञ्चालन भईसकेको छ। साथै, राष्ट्रिय स्तरका नेशनल माईक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात मिति २०८०/०३/३० देखि "घ" वर्गको राष्ट्रिय स्तरको नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट वित्तीय कारोबार समेत शुरू गरिसकेको छ। हाल देशभर संस्थाले १८४ वटा शाखा कार्यालयहरू मार्फत ७४ जिल्लामा २,२१,२०० जना विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। यस संस्थाले नविनतम प्रविधिहरुको प्रयोग गरी छिटो छरितो र विश्वसनीय एवं दिगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रित गरी उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ। आगामी आर्थिक वर्षमा वित्तीय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा शाखा विस्तार गरी अझ प्रभावकारी रुपमा सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : बैंकिङ्ग क्षेत्रमा तरलताको अवस्था लगायत बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त विपन्न वर्ग अन्तर्गतको थोक कर्जामा लिने ब्याजदरको उतार चढाव, लघुवित्त संस्थाहरु बिचको अस्वस्थ प्रतिस्पर्धा र तरलता अभाव आदि कारणले संस्थाको कारोबारमा असर पर्न सक्छ तथापि संस्थाले तय गरेको कुशल कार्य नीतिका कारण गम्भीर समस्या व्यहोर्नु परेको छैन।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

(क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध भुक्तानी सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत पनि प्राप्त भएको छैन।

(ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वाभएको जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

(क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागि संस्थाले नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा शेयर सूचिकृत भई सन्तोषजनक कारोबार भईरहेको छ।

(ख) नेपाल स्टक एकस्चेन्जको वेवसाइट अनुसार यस त्रैमासिक अवधिको शेयरको कारोबार निम्न अनुसार भएको देखिन्छ।

अधिकतम मुल्य	न्यूनतम मुल्य	अन्तिम मुल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार शेयर कित्ता
रु १,१८५/-	रु ९०१/-	रु १,१६८।८०/-	४९	२५०७	१,७१,१५२

५. समस्या तथा चुनौती :

लघुवित्त क्षेत्रमा संस्थाहरु बीच एक आपसमा अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपना हुन सक्ने सम्भावनाका साथ काम गर्नु पर्ने अवस्था रहेको छ। त्यस्तै अप्रत्याशित रुपमा श्रृजना हुन सक्ने प्रतिकुल अवस्था, कर्जा कोषको लागि परनिर्भरता, कोरोना भाइरस (COVID-19) महामारीको कारणले ग्राहकहरुको व्यवसाय र आम्दानीमा परेको प्रभावको अवस्था, अर्थतन्त्रको संकुचन, तरलता अभाव, लघुवित्त संस्थाहरूको विरूद्धमा भइरहेको अराजक गतिविधिहरू र कर्जा कोषमा ब्याज दरको वृद्धि आदि कारणले सञ्चालन लागत वृद्धि भै मुनाफामा पर्न सक्ने असर विद्यमान रहेको छ।

६. संस्थागत सुशासन : संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ पालना गरेको छ। संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा नीति लगायत आवश्यक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईएको छ। संस्थाले आफ्नो कारोबारको चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति, व्यवस्थापन समूह तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति लगायतका समितिहरु मार्फत कार्य भईरहेको छ।

७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण तथा सूचना लुकाईएको छैन।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com